का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ असोज २०८२
आइतबार
21 September 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रत्यक्ष कार्यकारीको बहसले चुनाव हुनेमा संशय



*विशेष परिस्थितिमा बनाइएको सरकारको काम प्रतिनिधि सभाको चुनाव गराउने मात्रै हो । तर यो सरकारले निष्पक्ष चुनाव गराउँछ भन्ने विश्वासमा कमी छ*

**कृष्णप्रसाद सिटौला**
नेता, नेपाली कांग्रेस



*अन्तरिम सरकारलाई चुनाव गराउनेबाहेक कुनै अधिकार छैन । सडकबाट माग हुनेबित्तिकै सरकार संविधान संशोधनतिर लाग्ने हो भने २१ फागुनको निर्वाचन प्रभावित हुन सक्छ*

**गोबिन्द बन्दी**
संविधानविद्



*संसद बहाल रहेको अवस्थामा मात्रै संविधान संशोधनमार्फत कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न सकिन्छ, नत्र त्यो सम्भव छैन*

**कीर्तिनाथ शर्मा पौडेल**
अभिवक्ता



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ४ असोज

जेजनी पुस्ताको आन्दोलनले मुलुकको सत्ता परिवर्तनपछि बनेको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकार चुनौतीको चौघेरामा छ । ६ महिनाभित्र निर्वाचन गर्ने म्यान्डेटअनुसार गठन भएको सरकारले नौ दिन बितिसक्दासमेत मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेको छैन । त्यस्तै, जेनजी पुस्ताका माग संवैधानिकतवरबाट पूरा गर्न पनि चुनौतीपूर्ण छ ।

पूर्वप्रधानन्यायाधीश कार्की संविधानसम्मत नियुक्त नभएको भन्दै संविधानविदहरू प्रधानमन्त्री नियुक्ति र संसद् विघटनविरुद्ध मुद्दा दर्ताको तयारीमा छन् । तर संकटकालीन अवस्थामा देशको नेतृत्व गर्न राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको रक्षा गर्दै संसद्बाहिरका व्यक्तिलाई विशेष अधिकार प्रयोग गरेर प्रधानमन्त्री नियुक्त गरेका हुन् । 'युवा पुस्ताका इच्छा र आकांक्षाअनुसार नेपालको संविधानबमोजिम राष्ट्रपतिमा अन्तर्निहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवं राष्टिय एकताको प्रवर्धन गर्न राष्ट्राध्यक्षको हैसियतले कार्कीलाई ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गर्नेगरी प्रधानमन्त्रीमा नियुक्त गरिएको हो,' राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

चुनावी सरकारका प्रधानमन्त्री कार्कीसामु संविधान पुनर्लेखन गरेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने युवा पुस्ताको दबाब छ । भ्रष्टाचार नियन्त्रणको अभियान सहित सडकमा ओर्लिएका जेनजी पुस्ताको आन्दोलनले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको दुई तिहाइको सरकार ढलेको थियो । ओलीको विकल्पमा आएको वर्तमान सरकारले जेनजीका माग सम्बोधन नगरे सडक आन्दोलन गर्ने चेतावनी युवाहरूले दिएका छन् । पृष्ठ २ मा




# लुटपाट र आगजनीमा परे करिब ३ हजार हतियार

## हराए १ लाख ६८ हजार बढी धातुका गोली

*भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा देशभर २ हजार ९ सय ६४ हतियार लुटपाट र आगजनीमा परेको प्रहरीले जनाएको छ । धातुका गोली १ लाख ६८ हजार ७ सय ९८ र रबरका ८ हजार ३ सय ५१ गोली आगजनी र लुटपाटमा परेका छन् ।*

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ४ असोज

नेपाल प्रहरीले लुटपाट र आगजनीमा परेका हतियारको विवरण संकलन गर्न थालेको छ । देशभरको विवरण संकलन गरेर भेरिफाइ गर्ने चरणमा रहेको प्रहरी अधिकारीहरू बताउँछन् । प्रहरी प्रधान कार्यालयका अधिकारीहरूका अनुसार उपत्यका प्रहरी कार्यालयबाट मात्रै १ हजार पेस्तोल लुटपाट र आगजनीमा परेका छन् । देशभरको संकलित विवरणअनुसार २ हजार ९ सय ६४ हतियार लुटपाट र आगजनीमा परेका छन् । यसबाहेक १ लाख ६८ हजार ७ सय ९८ थान धातुको गोली पनि लुटपाट र आगजनीमा परेका छन् ।



हराएका हतियारहरूमा राइफल १ हजार १ सय ९० वटा छ । जसमा एसएलआर राइफल ३ सय २३ थान, इन्सास राइफल ३ सय २६ थान, ३ सय ३ राइफल २ सय ७५ थान रहेका छन् । हर्नेट राइफल २ सय १५ थान, मार्कफोर राइफल ६ थान र २२ म्याग्नम ४५ थान पनि हराएका छन् । यसमा लाग्ने धातुको गोली हराएको प्रहरीले जनाएको छ । सर्टगन ३ सय ४४ थान, विविध प्रकारका सर्टगन ३ सय २८ थान, फोल्डिङ र ननफोल्डिङ सर्टगन १५ थान र १२ बोर सर्टगन पनि आगजनी र लुटपाटमा परेको छ । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# भदौमा कामका लागि ६८ हजार बिदेसिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

भदौ महिनामा करिब ६८ हजार नेपाली युवायुवतीले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार भदौमा ६७ हजार ९ सय ७२ जनाको श्रम स्वीकृति भएको छ ।

त्यसमा म्यानपावर कम्पनीमार्फत ३३ हजार १ जना गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर ११ हजार ७ सय ७५ जना, जीटुजीमार्फत ९ सय १ जना, पुनः श्रम स्वीकृतिमार्फत २२ हजार २ सय ४० र वैधानिकीकरणमार्फत ५५ जना गएका छन् ।

भदौ महिनामा युएई नेपाली कामदारको प्रमुख गन्तव्यका रूपमा रहेको छ । समग्रमा २५ हजार २ सय १८ जना गएको युएईमा म्यानपावर कम्पनीमार्फत १७ हजार ४ सय ६ जना गएका छन् ।

दोस्रो ठुलो गन्तव्य कतारमा १० हजार ३ सय ६९ जना गएकोमा म्यानपावर कम्पनीमार्फत ३ हजार १ सय १४ जना गएका छन् । कतारमा रिइन्ट्रीमार्फत जानेको संख्या ६ हजार ४ सय ४० रहेको छ । साउदी अरेबियामा १० हजार २ सय १ जना पृष्ठ २ मा

## युएई भिसा : भिजिट बन्द, वर्किङमा कडाइ

**काठमाडौं / मस–** संयुक्त अरब इमिरेट्स (युएई)ले प्रहरी रिपोर्ट र राहदानीको कभरपेजसमेत लिएर नेपाली कामदारको भिसा जारी गर्ने भएको छ । युएईले गत सोमबारबाट नेपालीका लागि भिजिट भिसा बन्द गरेको थियो भने बुधबारदेखि वर्किङ भिसाका लागि पेस भएका निवेदनहरू रद्द हुने प्रतिशत बढेको थियो ।

युएईले आधिकारिक रूपमा वर्किङ भिसा बन्द र पृष्ठ २ मा

## प्याराडाइज पहिलो, नीलकमल दोस्रो र अलस्किल्स तेस्रो

**काठमाडौं / मस–** भदौ महिनामा प्याराडाइज इन्टरनेसनल प्रालि धेरै कामदार पठाउने म्यानपावर कम्पनीको पहिलो स्थानमा रहेको छ । भदौमा प्याराडाइजले ६१ जना महिलासहित ८ सय २१ जना कामदार वैदेशिक रोजगारीमा पठाएको छ । यस्तै ५ सय ८३ जना कामदार पठाएर नीलकमल ह्युमन रिसोर्स प्रालि दोस्रो स्थानमा रहेको छ भने ४ सय ६३ जना पठाएर अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्स प्रालि तेस्रो स्थानमा रहेको छ ।

**यी हुन् सय बढी कामदार पठाउने म्यानपावर कम्पनी :**
प्याराडाइज इन्टरनेशनल प्रालि- ८२१
नीलकमल ह्युमन रिसोर्स प्रालि- ५८३
अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्स प्रालि- ४६४ पृष्ठ २ मा

**मलेसियामा रोजगार**
कम्पनी: Z&Z FORCE SDN BHD | शहर: JALAN TENGKU PET
पूर्व स्वीकृत मिति: २०८२/०६/०३ | चलानी नं.: ६०२४५०४७ | LT. No.: 331306

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 45 | 0 | स. काममा दक्ष | 1700 | ५६,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १२ (28 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु. १०,००० अन्यको निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

APPAREL GROUP
EXCEED EXPECTATIONS EVERYDAY
FREE VISA, FREE VISA FREE VISA
बहराइनको बहुचर्चित APPAREL कम्पनीमा रोजगार
कम्पनी BARAHAIN APPAREL TRADING W.L.L. | शहर Barahain
पूर्व स्वीकृत मिति: २०८१/०८/११ | चलानी नं.:६०२२८७०३ | LT. No.:314398 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 10 | 20 | सम्बन्धित काममा दक्ष | 200 | ७४,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stock Controller Clerk | 0 | 10 | | 180 | ६७,१६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ११ गते (27 September 2025) मा हुनेछ ।
नोट : सम्बन्धित काममा दक्ष हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न र लेख्न जान्ने हुनुपर्नेछ । उमेर २१ देखि ३५ वर्ष सम्मको हुनुपर्नेछ । अन्तरवार्तामा आउँदा Formal Uniform मा आउनुपर्ने छ ।
यसै कम्पनीको लागि FEMALE SEARVICE CREW र FEMALE ATTENDANT HOST को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Empower Huntr H.R. Solution Pvt. Ltd.** Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ असोज २०८२ आइतबार
21 September 2025 Sunday

**प्रत्यक्ष...**

सबै पुराना दलका नेताहरूको सम्पत्ति छानबिन गरी राष्ट्रीयकरण गर्न उच्चस्तरीय विशेष छानबिन समिति बनाउनुपर्ने उनीहरूको माग छ । तर, चुनाव गराउन आएकी प्रधानमन्त्री कार्कीले अहिलेसम्म सरकारलाई पूर्णता दिन सकेकी छैनन् । सरकारले चुनावी प्रयोजनसम्बन्धी आवश्यक कानुन बनाउने कुरामा राष्ट्रपति पौडेल सकारात्मक भए पनि त्यसबाहेक संविधानबाहिर गएर अध्यादेश ल्याउन खोजे त्यस्ता अध्यादेश प्रमाणीकरण नगर्ने संकेत गरेका छन । 'संविधान बचाउन बडो जुक्तिका साथ सहजीकरण गरेको' बताएका राष्ट्रपति पौडेलले संविधानबाहिर गएर कुनै पनि काम नगर्ने सन्देश दिएपछि अन्तरिम सरकारले संविधान संशोधनलगायतका विषयमा हात हाल्ने कि नहाल्ने अलमलमै छ ।

गत २०८१ असार १७ मा नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्यसँगै संविधान संशोधनबारेको बहस पुनर्लेखनको चरणमा प्रवेश गरे पनि यस सरकारलाई त्यस्तो सुविधा नभएको संविधानविदहरू बताउँछन् । संविधान संशोधन गर्ने काम सरकारको नभई संसद्को भएको संविधानविद् समेत रहेका पूर्वमन्त्री गोविन्द बन्दीले बताए । 'संविधान संशोधन गर्ने प्रतिनिधि सभा र राष्ट्रिय सभाको काम हो,' उनले भने, 'यो प्रेसिडेन्टको काम पनि होइन, यो प्रधानमन्त्रीको काम पनि होइन ।' सरकारले भएकै संविधानले परिकल्पना गरेको मेकानिजमको चुनाव गराउनेबाहेक केही गर्न नसक्ने उनको दाबी छ । 'अझ वर्तमान अन्तरिम सरकारलाई चुनाव गराउनेबाहेक कुनै अधिकार नै छैन । सडकबाट माग हुनेबित्तिकै सरकारले संविधानको संशोधन गर्ने हो भने त्यो त राज्य भएन नि । यो सरकारको काम फागुनको २१ गते निर्वाचन गर्ने हो, त्यो पनि प्रतिनिधि सभाको निर्वाचन गर्ने र प्रतिनिधि सभाले संविधान संशोधनको बाटोमा जाने हो ।'

कार्की नेतृत्वको सरकारले चुनाव गराउनबाहेक अन्य काममा समेत हात हालेको खण्डमा आफैं असफल हुने र समयमा चुनावसमेत गर्न नसक्ने विज्ञ बताउँछन् । चुनावका महत्वपूर्ण पक्षर राजनीतिक दलका नेताहरूले पनि यो सरकारले चुनाव गराउने बाटोमा लाग्नुपर्ने सुझाव दिएका छन् । 'यो सरकारको एउटै काम चुनाव गराउने हो,' नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले भने 'संविधानको व्यवस्थाबाहिर गएर विशेष परि स्थितिमा बनाइएको सरकारको काम प्रतिनिधि सभाको चुनाव गराउने मात्रै हो । तर यो सरकारले समयमै स्वतन्त्र र निष्पक्ष चुनाव गराउँछ भन्ने विश्वासमा कमी छ ।' सबै राजनीतिक दल, निर्वाचन आयोग, आन्दोलनरत पक्षका जेनजी पुस्ता, सुरक्षा संयन्त्र, आर्थिक व्यवस्थापनलगायत सबै पक्षसँगको निरन्तर संवाद र आवश्यक सहजीकरण गरेर समयमै निर्वाचन गराउनुपर्ने दायित्व वर्तमान प्रधानमन्त्रीमाथि छ । उनलाई सबै मन्त्रीहरूले सहयोग गरेर फागुन २१ मा तोकेको प्रतिनिधि सभाको निर्वाचन गर्नुपर्ने भए पनि सरकारले मन्त्रिपरिषद् विस्तार गर्न सकेको छैन । ११ जना मन्त्री बनाउने भनेकी प्रधानमन्त्री कार्कीले अहिलेसम्म रामेश्वर खनाल अर्थ, कुलमान घिसिङ ऊर्जा, भौतिक र सहरीविकास, ओमप्रकाश अर्याल गृह र कानुनमन्त्री बनाएकी छन् । तीबाहेक मन्त्री बनाउने व्यक्तिको खोजीमा प्रधानमन्त्री कार्की भौतारिएकी छन् । उनलाई प्रधानमन्त्री बनाएका युवा पुस्ताबाट समेत मन्त्री बनाउनुपर्ने दबाबमा रहेकी कार्कीका लागि अर्को चुनौती थपिएको देखिन्छ । साथै संसद् भंग गर्ने पहिलो प्रस्ताव गरेकी प्रधानमन्त्री कार्कीले संविधानविपरित काम गरेको भन्दै संविधानविदहरूले सर्वोच्च अदालतमा मुद्दा दर्ताको तयारी गरेका छन् । वर्तमान संविधानमा नभएको कार्यकारी प्रधानमन्त्रीको व्यवस्था र शासकीयस्वरूपका सन्दर्भमा यो सरकारले केही पनि गर्न नसक्ने अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले बताए । 'संसद् बहाल रहेको अवस्थामा मात्रै संविधान संशोधनमार्फत कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न सकिन्छ नत्र त्यो सम्भव छैन,' पौडेलले मध्यान्हसँग भने, 'कार्की आफैं संविधानबाहिरबाट प्रधानमन्त्री बन्नुभएको हो । यो जेनजी आन्दोलनको एउटा महत्वपूर्ण उपलब्धि हो । परिवर्तनकारी शक्तिको मागलाई समेत सम्बोधन गर्नेगरी संविधानको रक्षा गर्दै सरकार बनेको भनिएको छ । तर संविधानले गैर सांसद प्रधानमन्त्री हुने व्यवस्था गरेको छैन्, यस्तो सरकारले संसद् विघटनको त कल्पनासमेत गर्न सक्दैन ।' वर्तमान संकटपूर्ण अवस्थामा प्रतिनिधि सभाको निर्वाचन गर्न बनेको सरकारले अतिरिक्त गतिविधि गर्न खोजेर चुनाव नगराउने संशय रहेको सरोकारवाला पक्षहरूले टिप्पणी गर्दै आएका छन् । राष्ट्रपतिले प्रधानमन्त्रीलाई नियुक्तिपत्रमै ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन गराउनेगरी जिम्मेवारी तोकेको पूर्वमन्त्री बन्दीको जिकिर छ ।

**लुटपाट...**

६ सय ४७ थान पेस्तोल हराएको प्रहरीले जनाएको छ । पेस्तोलसँगै त्यसमा लाग्ने १३ हजार ७ सय ५ थान धातुका गोली हराएका छन् ।

आगजनी र लुटपाटमा परेकाहरूमा टाइम ५४ पेस्तोल ३ सय ३४ थान, टाइप ७७ पेस्तोल २८ थान, नाइनएमएम पेस्तोल १ सय १३ थान र ३८ स्पेसल रिभल्वर १ सय ७३ थान रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सबमेसिन गन ३३ थान र ग्यास गन ६ सय ८८ वटा आगजनी र लुटपाटमा परेका छन् ।

समग्रमा २ हजार ९ सय ६४ हतियार लुटपाट र आगजनीमा परेको प्रहरीले जनाएको छ । यसमध्ये उपत्यका प्रहरी कार्यालयबाट मात्रै करिब १५ सय हतियार आगजनी र लुटपाटमा परेको जनाइएको छ । धातुका गोली १ लाख ६८ हजार ७ सय ९८ र रबरका ८ हजार ३ सय ५९ गोली आगजनी र लुटपाटमा परेका छन् ।

**भदौमा...**

गएकोमा म्यानपावर कम्पनीमार्फत ५ हजार ९ सय ९२ जना, भदौमा मलेसियामा २ हजार ६ सय २६ जना, कुवेतमा १ हजार ९ सय ३७ जना, बहराइनमा म्यानपावर कम्पनीमार्फत ३ सय ६९ जना, साइप्रसमा ६ सय १ जना, जापानमा १ सय ४५ जना, जोर्डनमा ५६ जना, मरिसस्मा ३ सय ६३ जना, ओमनमा ३ सय ८६ जना र बेलायतमा ५ जना गएका छन् । कम्तीमा १ जना कामदार पठाउने म्यानपावर कम्पनीसहित भदौमा ८ सय १९ म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा कामदार पठाएका छन् ।

**युएई...**

खुला गर्ने विषयम जानकारी नदिए पनि वैदेशिक रोजगार व्यवसायीहरूले भिजिट भिसालाई थप कडाइ गरेर वर्किङ भिसा सहज गर्ने रोजगारदाताहरूमार्फत जानकारी पाएको बताएका छन् ।

भदौ २३ र २४ गते नेपालमा सरकार नै परिवर्तन र अकल्पनीय राष्ट्रिय क्षति हुने गरी जेनजी प्रदर्शन भएको थियो । त्यस क्रममा जेल तोडेर १३ हजार कैदी र ठूलो संख्यामा थुनुवा भागेको विषय अन्तर्राष्ट्रिय चर्चाको विषय बनेको छ ।

भागेका कैदी र थुनुवा आफ्नो मुलुक छिर्न सक्ने आंकलन गरेर युएईले अस्थायी रूपमा वर्किङ र भिजिट भिसा रोकेको धेरैको आंकलन छ । भागेकामध्ये ८ हजार बढी कैदी जेल नफर्केका कारण आन्तरिक सुरक्षामा चुनौती बढेको बताइएको छ ।

**प्याराडाइज...**

एसओएस म्यानपावर सर्भिस प्रालि- ४२९
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि- ३९१
लुलु इन्टरनेसनल प्रालि- ३८६
द रिभर ओभरसिज प्रालि- ३४५
सान नेपाल प्रालि- ३२९
एसिया लिंक सर्भिस प्रालि- ३२६
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रालि- २९५
गल्फ म्यानपावर सर्भिस प्रालि- २९४
अक्सफोर्ड इन्टरनेसनल प्रालि- २९२
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रालि- २८०
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि- २८०
सपोर्ट ह्युमन रिसोर्सेस प्रालि- २७५
एयरकिंग्स प्लेसमेन्ट प्रालि- २६५
सुफी इन्टरनेसनल सर्भिसेस प्रालि- २३२
एमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिसेस प्रालि- २२९
एमबी ह्युमन रिसोर्सेस प्रालि- २२८
एचएमटी ओभरसिज प्रालि- २२४
इम्पावर ह्युमन रिसोर्सेस म्यानेजमेन्ट प्रालि- २१०
सगुन ओभरसिज सर्भिसेस प्रालि- २०७
मास ह्युमन रिसोर्सेस प्रालि- १९६
जब सिकर म्यानपावर प्रालि- १८८
बज्र ह्युमन रिसोर्सेस प्रालि- १८८
राज ओभरसिज प्रालि- १८५
लक्की एचआर सोलुसन प्रालि- १८४
डेस्टिनी एचआर ग्रुप प्रालि- १८१
अम्बे इन्टरनेसनल एचआर नेपाल प्रालि (ग्लोबल म्यानपावर सोलुसन प्रालि)- १७७
टेस्ला ओभरसिज प्रालि- १७२
गोरखा ह्युमन रिसोर्स सोलुसन प्रालि- १७२
मोन्टेज ओभरसिज प्रालि- १७१
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिस प्रालि- १६९
शिखर इन्टरनेसनल म्यानपावर सर्भिस प्रालि- १६८
शिवाकोटी म्यानपावर सर्भिस प्रालि- १६५
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट प्रालि (ग्लोबल सपना ओभरसिज प्रालि)- १६०
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रालि- १५४
सारोन म्यानपावर सर्भिस प्रालि- १५३
नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिसेस प्रालि- १५३
ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रालि- १५०
ग्रेस ओभरसिज प्रालि- १४९
लुना एचआर सोलुसन्स प्रालि- (टिम फोर्स ओभरसिज प्रालि)- १४८
इम्पेरियल ओभरसिज प्रालि- १४५
श्री ब्रदर्स ह्युमन रिक्रुटमेन्ट प्रालि- १४५
गल्फ म्यानेजमेन्ट इन्टरनेसनल प्रालि- १४४
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्टेन्ट प्रालि- १४३
मिडिलइस्ट म्यानपावर प्रालि- १३९
वाहा म्यानपावर सप्लायर्स प्रालि- १३७
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रालि- १३६
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्टेन्ट्स प्रालि- १३६
रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रालि- १३५
सिडी ह्युमन रिसोर्सेस प्रालि- १३१
जलाजला रिक्रुटमेन्ट प्रालि- १२९
कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रालि- १२८
डेस्टिनी प्लेसमेन्ट सर्भिस प्रालि- १२५
रोयल इन्टरनेसनल ओभरसिज प्रालि- १२४
कान्तिपुर म्यानपावर सर्भिस प्रालि- १२३
इन्टरपिड रिक्रुटमेन्ट सर्भिस प्रालि- १२३
सनलाइट रिक्रुटमेन्ट प्रालि- १२०
केटिएम ह्वाइट पर्ल एचआर कन्सल्टेन्सी प्रालि (मेडिटेरेनियन ओभरसिज प्रालि)- १२०
मोभिरा एचआर सर्भिस प्रालि- ११९
डायनामिक सेल्स एन्ड सर्भिसेस प्रालि- ११७
युरो एसिया एचआर सोलुसन्स प्रालि- ११५
फजल इन्टरनेसनल प्रालि- ११४
स्टारिस एचआर सर्भिसेस प्रालि- ११२
स्ट्राइकफोर्स एसिया रिक्रुटमेन्ट सर्भिस प्रालि- ११२
स्किल्स ग्रुप एचआर रिक्रुटमेन्ट प्रालि- १११
भिजन एन्ड भ्यालु ओभरसिज प्रालि- १०५
डिके रिभर ओभरसिज प्रालि- १०४
कालिका ह्युमन रिसोर्स प्रालि- १०४
कन्टिनेन्टल एचआरडी कन्सल्टेन्ट्स प्रालि- १०१
लिड्स स्टाफिङ सोलुसन्स प्रालि (नास्सर ओभरसिज प्रालि)- १०१
भूमिपुत्र फरेन इम्प्लोइमेन्ट सर्भिस प्रालि- १०१
सनलाइट ह्युमन रिसोर्स प्रालि- १०१

# सर्लाही प्रवासी सेवा समाज कतारले मनायो १७औं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ४ असोज



सर्लाही प्रवासी सेवा समाज कतारले आफ्नो स्थापनाको १७औं स्थापना दिवस भव्य रूपमा मनाएको छ । नजिकिँदै गरेका नेपालीहरूका महान् पर्व दसैं तिहार र छठको शुभकामना आदानप्रदानसहित वार्षिकोत्सव मनाइएको हो ।

वार्षिकोत्सव समाजका अध्यक्ष प्रकाश आले मगरको सभाध्यक्षता तथा गैरआवासिय नेपाली संघ कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा शुक्रबार मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टको सभा हलमा सम्पन्न भएको हो ।

कार्यक्रममार्फत एनसीसी कतारका निवर्तमान अध्यक्ष रमेश भट्ट र कार्यक्रमका प्रमुख अतिथिलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने एनसीसीका पूर्व कार्यसमितिलाई सम्मान गरिएको थियो । सम्मान ग्रहण लगत्तै आफ्ना भनाइ राख्दै एनसीसी कतारका प्रमुख सल्लाहकार रमेश भट्टले एनआरएनए आइसीसी र एनसीसीको राजनीतिप्रति कटाक्ष गर्दै मिलेर बस्न बनाएको डोरीलाई राजनीतिले छिनालेको हुँदा एकताको सूत्रमा बाँधिन राजनीति नै बाधक रहेको बताए । भट्टले बद्री केसीले विश्वका धेरै देशमा एनसीसी फुटाउने काम गरेको दाबी गर्दै एमाले आस्थावानहरुलाइ समेटेर नयाँ एनसीसी बनाएको बताउँदै कटाक्ष गरे ।

जेनजी आन्दोलनमा भएको दमन र घुसपैठको जिम्मा तत्कालीन सरकारले लिनुपर्ने बताए । उनले कतारमा रहेको नेपाली दूतावासका केही कर्मचारी श्रमिक तथा नेपाली समाजसँग सहकार्य गर्न नचाहेको बताउँदै सबै भन्दा कमजोर ब्युरोक्रेसी अहिले कतारमा रहेको बताए । नेपाली काव्य क्षेत्रका उपल्लाधुरी, अग्नि महाकाव्य (२०७८) का मदन पुरस्कार विजेता श्रद्धेय कवि डा. नवराज लम्सालसहित कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । आफ्ना शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि पन्थीले नेपाली दूतावास कतारले विश्वकर्मा पूजा गर्न र जेनजी आन्दोलनका शहीदहरुको सम्मानमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्न पनि हल नदिएकोप्रति दु:ख व्यक्त गर्दै समाजमुखी हुन आग्रह गरे । पन्थीले एनसीसीले श्रमिक लक्षित सीप तथा सचेतना कार्यक्रम लगातार रूपमा सञ्चालन गर्दै जाने बताए । प्रथम उपाध्यक्ष बाबुलाल महतो स्वागत मन्तव्य राखेको कार्यक्रममा स्वागत नृत्य विष्णु भुजेलले राखेकी थिइन् भने समीक्षा मगर र जिदान आलेले आकर्षक नृत्य पेस गरेका थिए । महासचिव नयन भुजेलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष मगरले वार्षिकोत्सव कार्यक्रमसहित संस्थाका विभिन्न गतिविधिलाई सफलता पूर्वक सञ्चालन गर्न सहयोग गर्नेहरूप्रति आभार व्यक्त गरेका थिए ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
**Federal Road Supervision and Monitoring Office, Surkhet**
**Road Division, Khalanga, Jumla**
**Invitation for Bids No:082/83-02**

Date of publication: **2082/06/05 (2025/09/21)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Jumla, Khalanga invites Open Competitive electronic bids from eligible bidders for the following works under National CompetitiveBidding procedure.

| S. N. | Contract ID | Description and Location of work | Estimate Amount (NRs) (Excluding VAT & Contingency ) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Average Annual Construction Turnover (NRs.) | Bid Capacity (NRs.) | Bid Validity Period/ Bid Security Validity |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RDJML/ 337011384/ 082/83-05 | Roadway excavation works along Topla-Triveni section of Topla-Jumla-Mugu Rara Highway (NH-56), Jumla. | 42,75,472.57 | 3,000 | 110,000 | N/A | N/A | 90 days/ 120 days |
| 2 | RDJML/ 337011384/ 082/83-06 | Construction of Hume pipe culverts and Rigid pavement works including structural works along Nagma-Gothijiula section of Surkhet Dailekh Mahabulekh Galje Nagma Gamgadhi Nakchalagna Road (NH-60), Jumla | 34,18,491.29 | 3,000 | 90,000 | N/A | N/A | 90 days/ 120 days |
| 3 | RDJML/ 337011694/ 082/83-07 | Roadway excavation works including retaining structure and drainage works along Pina-Jhyari-Rara Gate section of Tharmare-Chaurjahari-Jajarkot Khalanga-Jumla Kudari-Mugu Rara Road, Rara Highway(NH-56), Mugu | - | 5,000 | 650,000 | 3,85,00,000 | 2,31,00,000 | 90 days/ 120 days |
| 4 | RDJML/ 337011694/ 082/83-08 | Roadway excavation works including retaining structure and drainage works along Lasi (Forest office)-Luma Bridge section of Urthu-Lasi-Pere-Siyala Gadigaun Road, Jumla | - | 5,000 | 650,000 | 3,85,00,000 | 2,31,00,000 | 90 days/ 120 days |
| 5 | RDJML/ 337011694/ 082/83-09 | Rigid pavement works including retaining structures and Drainage works along Talcha-Rara road section of Rara Highway(NH-56), Mugu | - | 5,000 | 650,000 | 3,85,00,000 | 2,31,00,000 | 90 days/ 120 days |
| 6 | RDJML/ 337011694/ 082/83-10 | Roadway excavation and Rigid pavement works including retaining structure along of Khulalu Malkot Rupsa Laiphu Sadak, Kalikot | - | 5,000 | 650,000 | 3,85,00,000 | 2,31,00,000 | 90 days/ 120 days |
| 7 | RDJML/ 337011694/ 082/83-11 | Roadway excavation and Rigid pavement including retaining structure and drainage works along Bhattadi, Patedil, Deuramalika, Kshetadi,Tribeni Hudai Badimalika Sadak, Kalikot | - | 5,000 | 650,000 | 3,85,00,000 | 2,31,00,000 | 90 days/ 120 days |

| S. N. | Last Date of Bid Submission | Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bank Details for Bid documrnt fee | Bank Details for Bid security Amounts. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2025/10/26 (AD) [2082/07/09 (BS)] 12:00 hours | 2025/10/26 (AD) [2082/07/09 (BS)] 13:00 hours, Road Division Jumla, Khalanga | 2025/10/15 (AD) [2082/06/29 (BS)] 13:00 hours, Road Division Jumla, Khalanga | Name of the Bank: Rastriya Banijya Bank, Khalanga, Jumla<br>Name of Office: Road Division Jumla<br>Office Code No. :337016201<br>Account No.:1000200010000<br>Rajaswa (revenue) Shirshak No. : 14229 | Account Name: Ko Le Ni Ka Jumla Dharauti<br>Bank Name: Rashtriya Banijjya Bank, Jumla<br>Bank Address: Jumla<br>Account Number: 4030100102030000 | |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division, Jumla, Khalanga or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division Jumla, Email : drojumla@gmail.com.

**Division Chief**



पोखरा महानगरपालिका-१ स्थित जौबारीमा बिक्रीका लागि राखिएका भेडाच्यांग्रा । दसैंतिहार पर्वका लागि मुस्ताङ, मुगु, डोल्पा, बझाङलगायत जिल्लाबाट ल्याइएको भेडाच्यांग्रा बिक्रीका लागि यहाँ राख्ने गरिन्छ । *तस्बिरः रासस*

# ‘जेनजी आन्दोलनको बलिदानी खेर जाने अवस्था आए गोली खान तयार छौं’

**काठमाडौं/मस–** जेनजी आन्दोलनको घाइते परिवार सरस्वती रावलले जेन-जी आन्दोलनको बलिदानीलाई सरकारले सम्बोधन गर्नुपर्ने बताएकी छन् । शनिबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उनले आन्दोलनले ल्याएको परिवर्तनलाई खेर जान नदिने अठोट व्यक्त गर्दै ‘बलिदानी खेर जाने अवस्था आए म फेरि गोली खान तयार छु’ भन्ने चेतावनी दिइन् ।

उनले जेन-जी आन्दोलन सुशासन र भ्रष्टाचारविरुद्धको एजेन्डा बोकेर शुरु भएको स्मरण गर्दै हजारौंको संख्यामा घाइते र थुप्रै बलिदानी भएको जनाइन् । मृतक परिवारको व्यवस्थापन, घाइतेहरूको जीविकोपार्जन, दीर्घकालीन उपचारको ग्यारेन्टी र सुरक्षा व्यवस्था तत्कालै सुनिश्चित गर्नुपर्ने माग उनले सरकारलाई गरिन् ।

स्वयं १० वर्ष जनयुद्धमा संलग्न भई तीन वर्ष जेल जीवन व्यतीत गरिसकेकी रावलले आन्दोलनलाई पछाडि हट्न नदिने दृढता व्यक्त गर्दै भनिन्, ‘म १० वर्ष जनयुद्धको योद्धा हो, एउटा गोली




खाइसकेको छु, आवश्यक परे फेरि दुई वा चार वटा गोली खान तयार छु । अभिभावकको तर्फबाट यो आन्दोलनलाई कहिल्यै पछि हट्न दिइने छैन ।’ उनले आफ्ना छोरा आदित्य रावलको शरीरमा ३ वटा गोली लागेको र अझै एउटा गोली पेटमा रहेको तथ्यसमेत प्रस्तुत गरिन् ।

रावलले हाल जेन-जी आन्दोलनका नाममा विभिन्न समूह बनेर अन्यले अवसर लिएको भन्दै सबै जेन-जीहरूलाई एकजुट हुन पनि आग्रह गरिन् ।

त्यस्तै, घाइते प्रकाश विष्टकी दिदी दुर्गा विष्टले सिभिल अस्पतालमा उपचार भइरहेको जनाउँदै सरकारले उपचारको पूर्ण व्यवस्था गर्नुपर्ने बताइन् । आन्दोलनमा सहभागी सुप्रिया परियार, घाइते गोकर्ण विष्ट र सुरेश ऐरीले पनि माग राख्दै भने, ‘देशमै रोजगारी सिर्जना गर्नुपर्छ, घाइतेहरूको दीर्घकालीन उपचार सुनिश्चित गर्नुपर्छ, २०४६ सालपछि उच्चपदस्थ व्यक्ति तथा कर्मचारीहरूको छानबिन गरेर कारबाही गर्नुपर्छ, आन्दोलनमा गोली चलाउने आदेश दिनेहरूलाई कारबाही हुनुपर्छ, र प्रत्यक्ष कार्यकारी निर्वाचित प्रमुखको व्यवस्था गर्नुपर्छ ।’

उनीहरूले आन्दोलनका एजेन्डा सरकारसँगै समाजले समेत आत्मसात गर्नुपर्नेमा जोड दिँदै जेन-जी आन्दोलनका बलिदानी खेर नजानुपर्ने बताएका थिए ।

# चिरिच्याट्ट पारिँदै सिंहदरबार मर्मत र रङरोगन धमाधम

**काठमाडौं/मस–** जेन-जी प्रदर्शनका क्रममा तोडफोड, लुटपाट र आगजनीबाट खण्डहर जस्तै बनेको सिंहदरबारलाई पुरानै चमक दिलाउन धमाधम मर्मतसम्भार र रङरोगन गरिएको छ । जेन-जी प्रदर्शनपछि सुनसान र खण्डहर जस्तै बनेको राजनीतिक र प्रशासनिक केन्द्र सिंहदरबारमा मर्मत र रङरोगनले चहलपहल बढेको छ ।

आगोले जलेका संरचना र धुवाँले कालो बनेका मन्त्रालयका भित्तामा पानीले पखाली रङरोगन सुरु गरिएको छ । साथै सिंहदरबारभित्र जलेर झ्याल, ढोका र फर्निचर मर्मत पनि सँगसँगै चलेको छ । आगजनीमा परी क्षतिग्रस्त करिब एक हजार सवारीसाधन पन्छ्याउने र व्यवस्थापन पनि सोही गतिमा चलेको देखिन्छ ।

मर्मत र रङरोगनका लागि केही श्रमिक खट कस्दै गरेका छन्भने कोही रङ लगाउन व्यस्त छन् । तोडफोड भएका झ्यालढोका मर्मतसम्भार गर्ने, टेबुल, कुर्सी, सोफालगायतका फर्निचर जलेर खरानी भएकाले ती फोहर हटाउन श्रमिकहरू तल्लीन भएको दखिन्छ ।

जेन-जी प्रदर्शनपछि उत्पन्न विषम परिस्थितिमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले सिंहदरबारको मर्मतसम्भार र पुनःनिर्माणलाई प्राथमिकता दिँदै काम अगाडि बढाउने निर्णयबमोजिम सो कार्य अघि बढाइएको हो ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले पदभार ग्रहणका क्रममा जेन-जी प्रदर्शनका क्रममा सिंहदरबारमा ठूलो क्षति पुगेको उल्लेख गर्दै चाँडो भग्नावशेष हटाई भित्तामा रङरोगन गरिने बताएका थिए । ’सिंहदरबारका कालो लागेको भित्ता रङरोगन गर्छौं, हामी विनाशबाट चाँडै उठ्यौं है भनेर सन्देश दिन जरुरी छ’, उनले भने, ‘तत्कालै मर्मतसम्भार र पुनःनिर्माण गरी केही महिनाभित्रै उठ्यौं भन्ने सन्देश दिन्छौं ।’




प्रदर्शनका क्रममा कार्यालय क्षतिग्रस्त भए पनि शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका कर्मचारी गत भदौ २८ गते बिदाका दिन पनि कार्यालय आई सरसफाइ र मर्मतमा जुटेका थिए । हाल पूर्ण रूपमा क्षतिग्रस्त भएका मन्त्रालयका कर्मचारी ‘रोस्टर’ बनाएर हाजिरी गर्ने र सरसफाइमा जुट्दै आएका छन् ।

संघीय सचिवालय, निर्माण तथा व्यवस्थापन कार्यालयका सुपरिटेन्डेन्ट इन्जिनियर चक्रवर्ती कण्ठले विशेष परिस्थिति भएकाले आवश्यक कर्मचारी खटाइ काम सुरु गरिएको बताए । ’अर्थ र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले रङरोगनको काम आफै सुरु गरे पनि बाँकी मन्त्रालय र कार्यालयको काम हामीले अगाडि बढाएका छौँ, जतिसक्दो छिटो काम सम्पन्न गर्ने लक्ष्यका साथ रङरोगन भइरहेको छ’, उनले भने ।

जेन-जीको प्रदर्शनका क्रममा गत भदौ २४ सिंहदरबार परिसरमा रहेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, संघीय मामिला तथा सामान्य प्रशासन, कृषि तथा पशुपक्षी, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, शिक्षा तथा विज्ञान प्रविधि, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास र अर्थ मन्त्रालयमा आगजनीबाट क्षति पुगेको थियो । प्रदर्शनकारीले नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका संसदीय दलका कार्यालयमा आगजनी र तोडफोड गरेका थिए ।

आगजनीबाट क्षतिग्रस्त भएका मन्त्रालयमा आज बिदाका दिनमा पनि मर्मतसम्भार र रङरोगन भइरहेको देखिन्छ । रङरोगनमा खटिएका श्रमिकहरू बाँसको खट बनाई, डोरीमा झुन्डिएर धमाधम काम गरिरहेका छन् । प्रदर्शनकारीले ध्वस्त तुल्याएका गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हकमा भने ठूलो क्षति पुगेकाले सामान्य मर्मत र रङरोगनले नपुग्ने भएपछि पुनःनिर्माण गरिने भएको छ ।

मन्त्रालय क्षेत्रका पार्किङस्थलमा जलेर नष्ट भएका चारपांग्रे र दुईपांग्रे सवारीसाधन जलेर असरल्ल बनेका सवारीको व्यवस्थापन पनि चलिरहेको छ । जेन-जी प्रदर्शनका क्रममा सिंहदरबारभित्र रहेका रक्षा, कानुन तथा संसदीय मामिला, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, सञ्चार तथा सूचना प्रविधि, शहरी विकास, परराष्ट्र, श्रम तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलगायतका मन्त्रालयमा सामान्य क्षति पुगेको छ । साथै नेपाल टेलिभिजन, रेडियो नेपाल र राष्ट्रिय योजना आयोग अराजक समूहबाट बचेका छन् ।

# चाडपर्व लक्षित बजार अनुगमन गर्दै काठमाडौं महानगर



**काठमाडौं/मस–**काठमाडौं महानगरपालिकाले आगामी सातादेखि चाडपर्व लक्षित बजार अनुगमन गर्ने जनाएको छ ।

गत भदौ २३ र २४ गते देशभर भएका जेनजी आन्दोलनका कारण एक हप्ता पर सरेको बजार अनुमगन आगामी सातादेखि गर्ने तयारी रहेको कामपाले जानकारी दिएको छ । कामपाको सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेका अनुसार हिन्दुहरूको महान् पर्व बडादशैं नजिकै आइसकेको अवस्था छ तर आन्दोलनका कारण बजार व्यवस्थापनका लागि अनुगमन हुन सकेको थिएन अब आउने सातादेखि गर्ने तयारी छ ।

प्रमुख काफ्लेले भने, ‘कामपाले बजार अनुगमन गर्दा केन्द्रबाट पनि अनुगमन टोली, सुरक्षा निकायसहितको सहभागितामा मात्र गर्ने गरेको छ । आन्दोलनका कारण सरकारका सबै संयन्त्रहरू काममा फर्किसकेको अवस्था नभएकाले आगामी सातादेखि मात्र अनुगमन गरिने तयारी गरिएको हो ।’

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक एवं महानगरकी उपप्रमुख सुनिता डंगोलको नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन टोलीले प्रदर्शनी मार्गस्थित टुकुचा तरकारी बजार, खसी बजार, खाद्य संस्थान सुपथ बिक्री कक्षलगायतको अनुगमन गर्ने पनि सहायक प्रवक्ता काफ्लेले जानकारी दिए ।

# नयाँ बसपार्कमा यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण




**काठमाडौं/मस–** काठमाडौं गोँगबुस्थित नयाँ बसपार्कमा चाडपर्वमा घर जाने यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ । काठमाडौं महानगरपालिकाले यात्रु सहायता कक्षबाटै निःशुल्क स्वास्थ्य परीक्षण सुरु गरेको हो ।

काठमाडौं महानगरपालिका स्वास्थ्य सेवा विभागका सिनियर अहेव दमनबहादुर नेगीले चाडपर्वमा घर जाने यात्रुलाई लक्षित गरी निःशुल्क स्वास्थ्य जाँच सुरु गरेको जानकारी दिए । महानगरपालिकाले उक्त कक्षबाट रक्तचाप र मधुमेह परीक्षण, झाडापखालाको औषधि वितरण गरिरहेको सिअहेव नेगीले बताए । उक्त सेवा दसैंभरि सञ्चालन हुने महानगरपालिकाले जनाएको छ ।

उक्त कक्षाको शनिबार काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारी र काठमाडौं महानगरका प्रहरी प्रमुख राजुनाथ पाण्डेले शुभारम्भ गरे । नयाँ बसपार्कमा हुने भिडभाड नियन्त्रणका लागि महानगर प्रहर ीसमेत परिचालन गरिएको छ । उक्त प्रहरीले भिडभाड नियन्त्रणका साथै यात्रुहरूलाई सहजै रूपमा गन्तव्य स्थलसम्म पुग्नका लागि सहजीकरण गर्नेछ ।

नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका मानव संसाधन प्रमुख पंकज मल्लले नयाँ बसपार्कमा चाडपर्वका लागि घर जाने यात्रुहरू बढेको बताए । उनले अरू समयमा प्रत्येक दिन चारदेखि पाँच हजार यात्रु जाने गरेकामा हाल उक्त संख्या तेब्बरसम्म पुगेको बताए ।

# निर्दोषमाथि प्रहरीले मुद्दा दायर गरेको पीडित परिवारको आरोप



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ४ असोज

रौतहटको कटहरिया नगरपालिका-५ का ५२ वर्षीय रामचन्द्र दास सरभंग र उनकी श्रीमती पुकारी देवी सरभंगले आफ्ना तीन निर्दोष छोरामाथि कर्तव्य ज्यान मुद्दा दायर भएको भन्दै प्रहरीमाथि गम्भीर आरोप लगाएका छन् । उनीहरूले इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले अनुसन्धान नगरी राजनीतिक चलखेलका आधारमा मुद्दा दायर गरेको दाबी गरेका हुन् ।

शनिबार सदरमुकाम गौरमा सञ्चारकर्मीलाई गुहार्दै पुकारी देवीले आफ्ना पाँच छोरामध्ये गर्भु दास सरभंग, प्रभु दास सरभंग र शम्भु दास सरभंगलाई प्रहरीले अन्यायपूर्वक फसाएको बताइन् ।

उनले गर्भुलाई २५ दिनअघि नै नियन्त्रणमा लिएर मुद्दा दायर गरिएको र घटनामा संलग्न अन्य व्यक्तिहरूलाई आर्थिक तथा राजनीतिक चलखेलका आधारमा उम्काइएको आरोप समेत लगाइन् ।

घटनाक्रम अनुसार साउन १ गते संजय यादव र विजय यादवले नसिब बैठामाथि मोबाइल चोरीको आरोपमा निर्घात कुटपिट गरेका थिए । स्थानीय दिपलाल यादवको नाम समेत विवादमा जोडिएको भएपनि पछि प्रहरी चौकीमा भएको छलफलले चोरीको आरोप सिद्ध नभएपछि आरोपीहरूलाई छाडिएको थियो । चोरी भएको मोबाइल संजय-विजयकै घरमा फेला परेको थियो । यसबीचमा बैठाको स्वास्थ्य अवस्था बिग्रँदै जाँदा उपचारका क्रममा भदौ ११ गते मृत्यु भयो ।

पीडित पक्षले बैठाको मृत्यु उसको स्वास्थ्य समस्या र लागुपदार्थ सेवनको कारण भएको प्रष्ट रहेको दाबी गर्दै इलाका प्रहरी कार्यालय गरुडाले वास्तविक दोषीलाई उम्काएर गर्भुलाई नियन्त्रणमा लिएको र त्यसपछि मृतकका आमा सुनैना देवीमार्फत कर्तव्य ज्यान मुद्दा दायर गराएको आरोप लगाएका छन् ।

कटहरिया नगरपालिका-५ की निर्वाचित सदस्य समेत रहेकी पुकारी देवीले भनिन्, ‘आर्थिक चलखेलका कारण कुटपिट गर्नेहरूको नाम हटाइयो र मेरो तीन छोरामाथि जबरजस्ती किटानी जाहेरी दर्ता गराइयो । प्रहरीको यस्तो कदम दलित परिवारलाई उठिवास गराउने नियतबाहेक अरु केही होइन ।’

पत्रकार सम्मेलनमा स्थानीय शंकर साह, राजकुमार यादव, छोटेलाल साह लगायतका व्यक्तिहरूले समेत गरुडा प्रहरीले निर्दोषलाई फसाएको र महादलित परिवारमाथि ज्यादती गरेको आरोप लगाउँदै न्याय दिलाउन आग्रह गरेका थिए ।

यस विषयमा डिएसपी राजन कार्कीले मोबाइल चोरीको घटनापछि कुटपिट भएकै समयमा नसिब बैठाको मृत्यु भएको भन्दै मृतककी आमाले भदौ १५ गते तीन जनाविरुद्ध जाहेरी दर्ता गरेपछि मुद्दा अघि बढाइएको बताए । उनले अनुसन्धान जारी रहेको उल्लेख गर्दै भने, ‘यदि निर्दोष भए अदालतबाट साधारण तारेखमा छुटिहाल्छन् ।’

**मलेसियामा रोजगार**
कम्पनी : VIGILANT FORCE SDN. BHD. शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/०३ चलानी नं.: ६०२४५०३८ L.T. No.: 331272

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५७,००१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १२ गते (28 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४
**रसुवा ओभरसिज प्रा. लि.**
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com
Contact Details: 01-5906448/5906439, Dinesh 9851354485, Dawa 9742546470, Suresh 9840557986, Sunil 9860077994, Raju 9803193977

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ असोज २०८२ आइतबार
21 September 2025 Sunday

## सम्पादकीय

# शान्तिका लागि दण्डहीनताको अन्त्य

आज अन्तर्राष्ट्रिय शान्ति दिवस । संयुक्त राष्ट्रसंघले सन् १९८१ देखि मनाउँदै आएको शान्ति दिवसको यस वर्षको नारा 'शान्तिपूर्ण संसारका लागि अहिले नै कदम चालौं' रहेको छ । ठिक यसैबेला हामी भने ७२ युवाको ज्यान जानेगरी भड्किएको आन्दोलनपछिको संक्रमणकालीन चरणमा प्रवेश गरेका छौं । आन्दोलनका माग सम्बोधन गर्ने र युवा शक्तिलाई साथैमा लिएर राष्ट्रनिर्माणमा जुट्नुपर्नेबेला छ । पुनः एकपटक शान्ति, सद्भाव र एकताका लागि सिंगो नेपाल एकठाउँ उभिने समय आएको छ ।

एक दशक लामो सशस्त्र द्वन्द्व र मधेस आन्दोलनपछिको संक्रमणकाल नटुंगिँदै भर्खरै जेनजी आन्दोलन भड्किएर उत्पन्न अशान्ति थपिएको छ । माओवादी विद्रोह (२०५२-२०६३) अन्त्य भएको दुई दशक बित्दासमेत द्वन्द्वपीडितहरूले संक्रमणकालीन न्याय पाउन सकेका छैनन् । लामो विलम्बपछि गठन भएका सत्य निरूपण तथा बेपत्ता आयोग गठन हुने र विघटन हुने क्रम चलिरह्यो । पछिल्लो समय गठन भएको आयोग पनि विवादरहित छैन । त्यसमाथि जेनजी आन्दोलनपछिको नयाँ परिस्थितिमा आयोगले कसरी काम गर्छ त्यो पनि प्रतीक्षाको विषय रहेको छ ।

एउटा संक्रमणकाल राम्ररी नटुंगिँदै मुलुक अर्को संक्रमणकालमा प्रवेश गरेको छ । खासगरी २३-२४ भदौमा भएको राज्य दमन र भड्किएको हिंसाको न्यायिक छानबिन गरी घटनाको सत्यतथ्य बाहिर ल्याउनुपर्ने दायित्वसहित अन्तरिम सरकार बनेको छ । सरकारले छिट्टै पूर्णता पाउने र न्यायिक छानबिनका लागि उच्चस्तरीय आयोग गठन हुने अपेक्षा गरिएको छ । सो आयोगले ७३ व्यक्तिको ज्यान गएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि आवश्यक कारबाही गरोस् । विगतमा २०४६ र २०६२/६३ का जनआन्दोलन, माओवादीको द्वन्द्वकालीन हिंसा र दमनका दोषीमाथि कुनै कारबाही भएन । त्यसले मुलुकमा दण्डहीनता मौलाउँदै गयो । तर यसपटक भने त्यस्तो नहोस् । जेनजी आन्दोलनमा अस्वाभाविक दमन गर्नेहरू, राष्ट्रिय सम्पदा र सम्पत्तिमा आगजनी गरी क्षति पुर्‍याउने मात्र होइन, नियोजित ढंगले तोडफोड र लुटपाटमा संलग्नहरूमाथि समेत कानुनी कारबाही हुनुपर्छ । त्यसले मात्र समाजमा मौलाउँदै गएको दण्डहीनताको अन्त्यमा मद्दत गर्न सक्छ । कानुनी राज्य र शान्ति सुरक्षा तथा सुव्यवस्था निर्माण गर्दछ । सबैभन्दा महत्वपूर्ण पक्ष असन्तुष्ट नयाँ पुस्ताका जायज माग सम्बोधन गरेर थप द्वन्द्व तथा अशान्तिबाट मुलुकलाई जोगाउनु आवश्यक छ । त्यो नै वास्तविक शान्ति निर्माणको मार्गचित्र हो ।

# 'जेनजी' आन्दोलन र मुलुकको अर्थतन्त्र

*'जेनजी' आन्दोलन केवल पुस्तागत आक्रोश होइन, यो देशका सबैभन्दा कान्छा नागरिकहरू अब बेरोजगारी, भ्रष्टाचार र प्रणालीगत अक्षमताको सामना चुपचाप स्वीकार गर्नेवाला छैनन् भन्ने स्पष्ट सन्देश हो ।*

अग्रलेख



● यमुना पौडेल 'प्रमिता'

नेपालमा भएको 'जेनजी'को आन्दोलन केवल पुस्तागत आक्रोश होइन, यो देशका सबैभन्दा कान्छा नागरिकहरू अब बेरोजगारी, भ्रष्टाचार र प्रणालीगत अक्षमताको सामना चुपचाप स्वीकार गर्नेवाला छैनन् भन्ने स्पष्ट सन्देश हो । लामो समयदेखि नेपालको अर्थतन्त्र विप्रेषण, वैदेशिक सहायता र सीमित घरेलु उद्योगमा निर्भर रहँदै आएको छ । तर, युवापुस्ताको सक्रियताले नीतिनिर्माताहरू र लगानीकर्ताहरूलाई अब नेपालको दीर्घकालीन आर्थिक दिगोपनको यथार्थसँग जुध्न बाध्य बनाएको छ । जेनजी आन्दोलनको परिणाम स्वरूप आज नेपाल एउटा यस्ता मोडमा उभिएको छ, जहाँ आज गरिने निर्णयहरूले देशको भविष्य निर्धारण गर्नेछन्, संकटसँगै अवसर पनि छ ।

असन्तुष्टिको सन्दर्भमा नेपाल जनसंख्यागत दृष्टिले एउटा फाइदाजनक अवस्थाबाट गुज्रिरहेको देश हो । संयुक्त राष्ट्र विकास कार्यक्रमअनुसार देशको करिब ४० प्रतिशत जनसंख्या २५ वर्ष मुनिका छन् । सैद्धान्तिक रूपमा, यस्तो 'युवा बहुलता'ले नवीनता, उत्पादकता र दीर्घकालीन वृद्धि ल्याउनुपर्थ्यो । तर व्यवहारमा भने, बेरोजगारी र अल्परोजगारीले हजारौं युवाहरूलाई वैदेशिक रोजगारीको खोजीमा देश बाहिर जान बाध्य बनाएको छ । श्रम विभागको २०२३को तथ्यांकअनुसार हरेक वर्ष ५ लाखभन्दा बढी नेपाली विदेश रोजगारको लागि जान्छन् । धेरैजसोले गल्फ र मलेसियाजस्ता देशमा न्यून पारिश्रमिकको काम लिन्छन्, जबकि दक्ष जनशक्ति विकसित मुलुकतर्फ आकर्षित हुन्छन् । यस श्रम पलायनले विप्रेषणलाई नेपालको अर्थतन्त्रको मेरुदण्ड बनाएको छ- कुल गार्हस्थ उत्पादन (जिडिपी)को २३ प्रतिशतभन्दा बढी (विश्व बैंक, २०२३) । शिक्षित युवाहरूका लागि अवस्था अझ जटिल छ । शैक्षिक तालिम र बजारको मागबीचको गहिरो अन्तरका कारण हजारौं स्नातकहरू बेरोजगार भइरहेका छन् । यही संरचनात्मक समस्याले जेनजी आन्दोलनको क्रोधलाई पोषण दिएको हो – केवल अस्थायी असन्तुष्टि मात्र होइन ।

### तत्काल देखिएका आर्थिक असरहरू

जुनसुकै आन्दोलनजस्तै, जेनजी आन्दोलनले छोटो अवधिमा केही आर्थिक असर ल्यायो । काठमाडौं लगायतका शहरहरूमा यातायात अवरुद्ध, व्यापारिक गतिविधिमा कमी र स-साना व्यवसायहरूमा अवरोध आयो । पर्यटन क्षेत्रमा पनि असर देखियो । अन्तर्राष्ट्रिय पर्यटकहरू सतर्क बने, जसले छोटो अवधिमा पर्यटन बजारमा असर पार्‍यो । दैनिक ज्यालादारी कामदारहरू र अनौपचारिक अर्थतन्त्रमा निर्भर जनसंख्या सबैभन्दा बढी प्रभावित भए । यद्यपि यी असरहरू वास्तविक थिए, आन्दोलनको सबैभन्दा गहिरो प्रभाव नीतिगत प्राथमिकतामा आएको परिवर्तनमा देखियो ।

आन्दोलनपछि लगानीकर्ताको धारणा दुई खालको देखियो । केही स्थानीय व्यवसायीहरूले राजनीतिक अस्थिरताको डर व्यक्त गर्दै दीर्घकालीन लगानी घट्ने आशंका गरे । विदेशी लगानीकर्ताहरू पनि नेपालमा हुने ढिलासुस्ती र अनावश्यक प्रक्रियाबाट पहिले नै सतर्क थिए । तर, अरूले यो आन्दोलनलाई सकारात्मक संकेतका रूपमा लिए । एसियाली विकास बैंकको २०२४ को प्रतिवेदनले भनेको छ- यदि युवाको आन्दोलन सही तरिकाले व्यवस्थापन गरियो भने, यसले सरकारलाई आर्थिक सुशासनका लागि सुधार गर्न प्रेरित गर्न सक्छ । नेपालका युवाहरूले शान्तिपूर्ण र डिजिटल माध्यमबाट आवाज उठाएको तथ्यलाई धेरैले 'नागरिक परिपक्वता'को संकेत मानेका छन् । यस अर्थमा, आन्दोलन जोखिम होइन, परिवर्तनको सम्भावना थियो ।

### युवाको रोजगारी र जनसांख्यिकीय लाभांश

आन्दोलनको मूलमा रहेको विषय भनेको रोजगारी हो । अन्तर्राष्ट्रिय श्रम संगठनअनुसार, नेपालमा युवाको बेरोजगारी दर



१९.२ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतको तीन गुणा बढी हो । यदि यो जनशक्ति सही तरिकाले प्रयोग गरियो भने, यही युवाशक्ति देशलाई दीर्घकालीन समृद्धितर्फ डोर्‍याउन सक्छ । तर, यदि उपेक्षा गरियो भने, यो लाभांश 'जनसांख्यिकीय अभिशाप' बन्ने खतरा छ । प्रदर्शनकारीहरूको माग स्पष्ट थियो – शिक्षा प्रणालीको सुधार, रोजगारमूलक सीप तालिम, व्यवसाय खोल्न सहायता र रोजगार अनुकूल नीतिहरू । जबसम्म शिक्षाले रोजगारी सिर्जना गर्न सक्दैन, तबसम्म देशले युवा पलायन रोक्न सक्दैन ।

### नयाँ सम्भावनाको सुरुवात

जेनजी आन्दोलनको सबैभन्दा विशेष पक्ष थियो- यसको डिजिटल स्वरूप । सामाजिक सञ्जालहरू केवल भीड जम्मा गर्न होइन, मुलुकका नीतिहरूको आलोचना र समाधान प्रस्तुत गर्न प्रयोग गरिए । यस डिजिटल प्रवृत्तिले नेपालमा रहेको प्रविधि सम्बन्धी सम्भावनालाई उजागर गर्‍यो । नेपाल राष्ट्र बैंकको २०२४ को तथ्यांकअनुसार सूचना प्रविधि सेवाहरू कुल निर्यातको करिब ४ प्रतिशत छ । यदि पूर्वाधार र स्टार्टअप इकोसिस्टममा लगानी गरियो भने डिजिटल क्षेत्र नेपालको अर्थतन्त्रलाई रूपान्तरण गर्नसक्छ । भ्रष्टाचार घटाउन सकिन्छ । सरकारी सेवा प्रभावकारी बनाउन सकिन्छ र युवाका लागि रोजगारी सिर्जना गर्न सकिन्छ ।

### भाषण र यथार्थको दूरी

दबाबपछि सरकारले युवामुखी रोजगार कार्यक्रम र भ्रष्टाचारविरोधी पहलको घोषणा गर्‍यो । तर, धेरैले यसलाई केवल भाषणको रूपमा लिएका छन् । ट्रान्सपरेन्सी इन्टरनेशनलको २०२४ को भ्रष्टाचार धारणा सूचकांकमा नेपाल १८० देशहरूमध्ये १०८ औं स्थानमा छ । जसले गहिरो प्रणालीगत समस्याहरू देखाउँछ । यदि सुधारहरू समयमै, पारदर्शी ढंगले लागू भएनन् भने जेनजीको आन्दोलन फेरि निराशामा परिणत हुने खतरा छ । तर, आन्दोलनले एक कुरा स्पष्ट पारेको छ- अब युवाको आवाज उपेक्षा गर्ने समय छैन ।

> *नेपालको भविष्य अब विप्रेषणमा मात्र टिक्न सक्दैन । जसले मुलुकको बाटो अनिश्चित देखाउँछ । यदि सुधारहरू लागू भए भने यो आन्दोलन नयाँ युगको सुरुवात हुन सक्छ, जहाँ युवाशक्तिले आर्थिक नवजागरण ल्याउँछ ।*

### संकटलाई अवसरमा बदल्ने घडी

जेनजीको आन्दोलनले अल्पकालीन अवरोध ल्यायो, तर यसले नेपालको आर्थिक विकासको संरचना पुनर्विचार गर्न बाध्य बनायो । अब आवश्यकता छ- अर्थतन्त्रलाई विविधिकरण गर्ने, नवीनता र न्यायमा आधारित बनाउने । यदि नेपालले हरित ऊर्जा, सूचना प्रविधि र दिगो पर्यटन जस्ता क्षेत्रमा लगानी गर्‍यो, साथै शिक्षा र श्रम बजारमा सुधार गर्‍यो भने अहिलेको संकट एउटा मोड बन्न सक्छ । यसबाहेक, जेनजीको आन्दोलनले मूल्यहरूको पुनर्परिभाषा गर्‍यो- अबको पुस्ता आर्थिक वृद्धि मात्र होइन, पारदर्शिता र निष्पक्षताको पनि माग गर्छ । यी मूल्यहरू शासन प्रणालीमा समाहित भए भने नेपाल लगानीका लागि आकर्षक राष्ट्र बन्न सक्छ ।

### निष्कर्ष

अबको बाटो जेनजीको आन्दोलन एकपटकको घटना होइन, यो एउटा चेतावनी हो । यसले देखायो कि नयाँ पुस्ता अब स्थायित्वको नाममा जडता सहँदैन । नेपालको भविष्य अब विप्रेषणमा मात्र टिक्न सक्दैन । जसले मुलुकको बाटो अनिश्चित देखाउँछ । यदि सुधारहरू लागू भए भने यो आन्दोलन नयाँ युगको सुरुवात हुन सक्छ, जहाँ युवाशक्तिले आर्थिक नवजागरण ल्याउँछ । यदि उपेक्षा गरियो भने यसले दीर्घकालीन निराशा, प्रतिभा पलायन र स्थायित्वको संकट निम्त्याउनेछ । नेपाल अहिले ऐतिहासिक मोडमा उभिएको छ ।

प्रश्न यो होइन कि जेनजीले अर्थतन्त्रलाई रूप दिनेछन् वा होइनन्, उनीहरूले दिइसके । साँचो प्रश्न हो- के नेतृत्व तहमा रहेका व्यक्तिहरूले यो संकटलाई सम्भावनामा रूपान्तरण गर्ने दृष्टिकोण राख्छन् त ?

## इतिहासमा आज

२१ सेप्टेम्बर २०१३ मा अल-शबाब इस्लामिक आतंककारीहरूले केन्याको वेस्टगेट शपिङ मलमा आक्रमण गरेका थिए । जसमा कम्तिमा ६७ जनाको मृत्यु भएको थियो ।



२१ सेप्टेम्बर १९६९ मा मेक्सिकोना डे एभियासियन फ्लाइट ८०१, बोइङ ७२७-१०० यात्रुवाहक विमान, मेक्सिको सिटीमा अवतरण प्रयासको क्रममा दुर्घटनाग्रस्त भएको थियो । जसमा ११८ जना यात्रुमध्ये २७ जनाको मृत्यु भएको थियो ।



२१ सेप्टेम्बर २००१ मा अ ट्रिब्युट टु हिरोज ३५ भन्दा बढी नेटवर्क र केबल च्यानलहरूद्वारा प्रसारित भएको थियो । जसले सेप्टेम्बर ११ को आक्रमणका पीडितहरूका लागि २०० मिलियन डलरभन्दा बढी रकम उठाएको थियो ।




२१ सेप्टेम्बर २०१५ मा एडभेन्टिस्ट हेल्थ सिस्टमले ठगीको आरोप समाधान गर्न ११८.७ मिलियन डलर तिर्न सहमत भएको थियो । यो अस्पताल नेटवर्कले अहिलेसम्म तिरेको सबैभन्दा ठूलो रकम थियो ।



# युवाहरूले खोजेको परिवर्तन

विचार



● खिमराज गिरी

> *यदि जेनजी आन्दोलन साँच्चिकै देश र जनताको लागि हो भने आन्दोलनको मागअनुसार काम हुनुपर्छ । जसमा पहिलो सर्त हो- संविधानको निःशर्त पुनर्लेखन । जसले तमाम प्रश्नहरूको उत्तर दिनुपर्छ । सँगै, व्यवस्थामाथि चुनौति दिनेगरी नेतृत्व तहबाट भइरहको व्यवहारको पनि जवाफ खोजिनुपर्छ ।*

देशमा जब जघन्य अपराधजन्य घटना तथा राज्यदमनविरुद्ध आन्दोलन हुन्छ, तब अतीतको इतिहास मानसपटलमा घुमिरहन्छ । इतिहास कहिलेकाहीँ यस्ता दर्पणहरू सम्झाइदिन्छ, जसमा वर्तमानका पीडा, विकृति र विसंगतिहरू नाङ्गै प्रतिविम्बित हुन्छन् । नेपालमा भदौ २३ र २४ गते भएका घटनाहरूले रोम, बंगलादेश र श्रीलंकाको इतिहासको झल्को दिलायो । करिब १५०० वर्षअघि रोम साम्राज्य ढल्दाको समयमा रोम जलिरहेको थियो, तर सम्राट निरो बाँसुरी बजाउनमा व्यस्त थिए । राजनीतिक क्रान्तिले सम्राटलाई छोएको थिएन । त्यसैले अझै पनि 'रोम जलिरहेको बेला निरो बाँसुरी बजाउँदै थिए' भन्ने उखान सान्दर्भिक लाग्छ ।

रोमको इतिहास अनुसार, सन् ४७६ सेप्टेम्बरमा अन्तिम सम्राटको पतन भयो । हजारौं मानिस मरे, सयौं घर जलेर नष्ट भए । निरोलाई क्रूर शासक मानिन्छ, जसले आफ्नै सौतेनी आमा, भाइ र पत्नीको हत्या गरेको भनिन्छ । उनले किन्नरहरूसँग समलैंगिक विवाहसमेत गरेका थिए । करिब १६ वर्षको उमेरमा आफ्नी आमा अग्रिपिनाको षड्यन्त्रबाट सम्राट बनेका निरोले पछि आफ्नै आमाको पनि हत्या गरे । उनको शासनकालमा रोम साम्राज्य बेलायतदेखि सिरियासम्म फैलिएको थियो । सम्राट अगस्टसले सामूहिक सत्ता र स्वतन्त्र सिनेटको व्यवस्था ल्याए पनि पछि सत्ताको साँचो परिवारभित्र मात्र सीमित भयो । निरो भने संगीत र नाचगानमा मस्त थिए । जब रोममा आगलागी भयो, निरोले परवाह गरेनन् । अल्पसंख्यक इसाई समुदायमाथि दोषारोपण गरियो र उनीहरूलाई निर्दयतापूर्वक मरणदण्ड दिइयो । अन्ततः निरोलाई जनताको दुश्मन घोषणा गर्दै सेनाले साथ नदिएपछि उनले आत्महत्या गरे ।

यस्तै, फ्रान्सका नेपोलियन बोनापार्टले एक साधारण सिपाहीबाट सम्राट बने पनि घमण्डकै कारण वाटरलु युद्धमा हारे । उनले भनेका थिए, 'म हजारौं तोपसँग डराउँदिन, तर एउटा कलमसँग डर लाग्छ ।' यसले पत्रकारिता र जनताको आवाजको महत्व देखाउँछ ।

गत वर्ष बंगलादेशमा प्रधानमन्त्री शेख हसीनाको मनोमानी शासनविरुद्ध विद्यार्थीहरू उठे । श्रीलंकामा आर्थिक संकटपछि जनआक्रोशले राष्ट्रपति भवन कब्जा गरियो र राजपक्षेहरू सत्ता बाहिरिए । नेपालमा पनि यही ढंगमा जेनजीको नाममा आन्दोलन सुरु भयो । पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणपछि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि यो आन्दोलन चर्कियो । आन्दोलनको मूल उद्देश्य सामाजिक सञ्जाल खोल्नु, सुशासन कायम गर्नु र भ्रष्टाचार अन्त्य गर्नु भए पनि यसमा आन्तरिक र बाह्य शक्ति मिसिए । संसद भवन जलाइयो, निर्दोष विद्यार्थीहरू मारिए, हजारौं घाइते भए ।

तर त्यतिबेला पनि गृहमन्त्री रमेश लेखक राज्य व्यवस्था समितिको बैठकमा व्यस्त थिए, प्रधानमन्त्री ओली भने राजीनामा नदिने अडानमा थिए । अन्ततः प्रधानसेनापति अशोकराज सिग्देलको हस्तक्षेपपछि ओलीले राजीनामा दिए । गृहमन्त्री लेखक भने अझै राजीनामाको पक्षमा थिएनन् । अन्तर्राष्ट्रिय शक्ति - भारत, अमेरिका र चीनको चासो र संलग्नता पनि देखिन थाल्यो । केही बुद्धिजीवीहरूले विदेशी शक्तिको संलग्नताबारे धारणा राखे, पत्रकार र अभियन्ता रवि लामिछानेलाई जेलबाट निकालियो । आन्दोलनको स्वरूप विस्तारै बिग्रियो । सरकारी भवन, व्यापारीक प्रतिष्ठान, नेताहरूका घरहरू जलाइए । कैयौं कैदीहरू जेलबाट भागे ।

एकातिर सत्ता धरापमा पर्दै गयो, अर्कोतिर विपक्षी शक्ति सत्ताको दौडमा लागे । विदेशी दूतावासमा धाउने प्रवृत्ति फेरि दोहोरियो । भारतीय मिडियाले आन्दोलनलाई भारतप्रति अनुरोधको रूपमा देखाएर झुटा प्रचार गरे । अन्ततः, पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार गठन भयो, जसमा कुलमान घिसिङ, रामेश्वर खनाल र ओमप्रकाश अर्यालजस्ता व्यक्तिहरू सहभागी छन् । जेनजीको सीधा संलग्नता नदेखिएकाले उनीहरूबीच पनि टकराव देखिन्छ ।

नेपालमा अघिल्ला आन्दोलनहरूबाट पनि देखिएको छ- आन्दोलन जनताको पक्षबाट सुरु भए पनि यसको फाइदा पृथक शक्ति र गुटले लिन्छन् । यसपटक पनि यही भयो । आन्दोलनकारीको बलिदान फेरि सत्ता फेरबदलमा मात्र सीमित हुने हो भने यो व्यवस्थाले जनतालाई केही दिन सक्दैन ।

यदि यो आन्दोलन साँच्चिकै देश र जनताको लागि हो भने आन्दोलनको मागअनुसार काम हुनुपर्छ । जसमा पहिलो सर्त हो- संविधानको निःशर्त पुनर्लेखन । जसले तमाम प्रश्नहरूको उत्तर दिनुपर्छ । प्रदेशहरूको खारेज गरिनुपर्छ । प्रतिनिधिसभा सदस्यको संख्या १०० मात्रै बनाउनुपर्छ । आलंकारीक राष्ट्रपतिको व्यवस्था गरिनुपर्छ । ५ वर्षको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री बनाइनुपर्छ । मन्त्री बन्न सांसद हुनुपर्ने बाध्यता नराखी विज्ञहरूको समावेश गरिनुपर्छ र समानुपातिक व्यवस्था खारेज गरिनुपर्छ ।


सँगै, २०४६ सालदेखि हालसम्मका पदाधिकारीहरूको सम्पत्ति छानबिन हुनुपर्छ । स्वतन्त्र र निष्पक्ष भ्रष्टाचार निवारण आयोग गठन हुनुपर्छ । कानुनको कडाइ र कार्यान्वयन हुनुपर्छ । यी उपायहरू लागू नगरी फेरि सत्ताको खेल लागिएमा आन्दोलनको बलिदान खेर जान सक्छ । यदि फेरि पनि 'काम गर्ने कालु, मकै खाने भालु'को संस्कृति दोहोरिन्छ भने यो घटनाक्रम पनि रोम जल्दा निरो बाँसुरी बजाएको कथा जस्तै हुनेछ ।

## सामाजिक सञ्जाल




डम्बर खतिवडा

नेपाली कांग्रेसलाई अझै देउवा र एमालेलाई ओली नै चाहिएको हो ? ठिक छ-यिनकै नेतृत्वमा आगामी निर्वाचनमा जाऊ । तर हेर लैला, तिमी दुवै पार्टीको १०/१० प्रतिशतभन्दा बढी लोकप्रिय मत आउने छैन । जेनजी विद्रोहले तिमीहरूलाई खाडलमा खसाएको मात्रै हो, अब आफ्नो चिहानमा आफै माटो पुर्छौ भने पुर !




रञ्जित तामाङ

नेता र प्रशासकहरूको घर जल्नुमा छरछिमेकको भरपुर योगदान देखिन्छ । आफ्नोभन्दा अरूको चासो धेरै राख्छ । आफूले प्रगति गरे अरूलाई हेप्छ । हेपेन भने पनि अरूले प्रगति गरेको फिटिक्कै मन पराउँदैन । एक किसिमले भन्ने हो भने हाम्रो सामाजिक सोच र व्यवहार नै विषाक्त छ ।



नारायण अमृत

शीतल निवास यति ज्यूँदो जाग्दो छ । छानी छानी भ्रष्टाचारका प्रतीक, हत्यारा, घुसपैठीयाहरू र आफ्ना नितान्तः 'झोले'हरूको जमघट गरेर किशोर किशोरीको आलो रगतको गन्धमा मेलमिलापको अनुक्रम र बीभत्स अभ्यास गरिरहेको छ । त्यही पनि संविधान दिवसको रुवावासी गरिरहेका छन्, निर्घिनीहरू ।



प्रेमकान्त अधिकारी

अन्य नागरिकहरूको त केही कुनै अधिकार नै छैन, जसरी अझै गर्जिदैछन् गद्दारहरू । जसलाई हो सिध्याउन पर्ने उनीहरूलाई नै सुरक्षित गराएर राखियो । डराएर लुक्नपर्नेहरूलाई गलहत्याएर छाडिदिनु पर्ने थियो, सुरक्षाकर्मीले त हतियार छोडेर हिँडेछन् । बाँच्नुपर्नेहरू शहीद भय मर्नुपर्नेहरू बाँचे ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# कालापानी–लिपुलेक हाम्रो हो भन्ने अडानकै कारण सरकार ढालियो : मुख्यमन्त्री कँडेल



**सुर्खेत/मस–**कर्णाली प्रदेशका मुख्यमन्त्री तथा नेकपा एमाले स्थायी कमिटी सदस्य यामलाल कँडेलले देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डता जोगाउने अडानकै कारण सरकार ढालिएको बताएका छन् ।

शनिबार राष्ट्रिय युवा संघ नेपाल तथा अनेरास्ववियु आयोजनामा सुर्खेतमा भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले चीन भ्रमणका क्रममा कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नेपालको भूमि भएको स्पष्ट रूपमा उठाएपछि सत्तामा आँच आएको बताए । उनले भने, 'चुच्चे नक्सामा देखिएको भूमि नेपालको हो भन्ने सत्य दावी गर्दा जेनजी पुस्ताको नाम प्रयोग गरी आन्दोलन गराइयो र त्यसकै परिणामस्वरूप सरकार ढालियो ।'

उनले राष्ट्रहितको पक्षमा उभिनु अपराध नभई गौरवको विषय भएको उल्लेख गर्दै युवा पुस्ताले यस विषयलाई निरन्तर उठाइरहनुपर्नेमा जोड दिए । 'देशको माटो बचाउन उठेका कदमलाई कमजोरीका रूपमा चित्रण गरेर सत्ता ढालिएको हो, तर इतिहासले यस्ता राष्ट्रवादी अडानलाई कहिल्यै नकार्दैन,' कँडेलले थपे ।

मुख्यमन्त्री कँडेलले वर्तमान अवस्थामा जेन्जी पुस्तालाई प्रगतिशील रूपमा संगठित गर्नुपर्ने आवश्यकता औंल्याए । उनले युवा संगठन र विद्यार्थी संगठनलाई मिलेर समाजलाई सकारात्मक दिशामा लैजान आह्वान गर्दै भने, 'हामी निर्माण गर्ने पुस्ता हौं, दर्शक बन्ने होइनौं। भ्रष्टाचारको विरुद्ध आवाज उठाउने, राष्ट्रको पक्षमा बोल्ने, र समाजलाई अनुशासित बनाउने जिम्मेवारी युवामाथि छ ।'

उनले गुटबन्दी, विभाजन र स्वार्थी राजनीति गर्दा पार्टी मात्र कमजोर नभइ राष्ट्रसमेत कमजोर हुने चेतावनी दिए । कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी अध्यक्ष, सुर्खेत जिल्ला अध्यक्ष र युवाहरूको उपस्थिति रहेको थियो ।

# 'स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र विश्वसनीय बनाउनुपर्छ'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ असोज




शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, भरपर्दो र विश्वसनीय बनाउन कर्मचारीलाई निर्देशन दिएका छन् । नगरपालिकाभित्र रहेका विभिन्न स्वास्थ्य चौकीहरूको स्थलगत अनुगमन गर्दै उनले गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्यकर्मीको अभाव हुन नदिने गरी व्यवस्थापन गर्ने तयारी भइरहेको बताए ।

सापकोटाले स्वास्थ्य क्षेत्र आमनागरिकको नैसर्गिक अधिकार भएकाले यसलाई व्यवस्थित बनाउन आवश्यक रहेको उल्लेख गर्दै वडा स्तरमै सहज र गुणस्तरीय सेवा पुऱ्याउन आग्रह गरे । उनले भौतिक संरचना निर्माण मात्रै नभइ अहिले भएका संरचनाको अधिकतम प्रयोग गरी नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याउनुपर्नेमा जोड दिए ।

उनले तीन तहका सरकारबीचको सहकार्य र समन्वयबाट विकट क्षेत्रका स्वास्थ्य चौकीहरूको सेवा विस्तारमा ध्यान दिनुपर्ने बताए । नगरभित्र रहेको १५ शय्याको अस्पताललाई व्यवस्थित गरेर स्थानीय नागरिकलाई उपचारका लागि बुटवल वा काठमाडौं धाउनुपर्ने अवस्था हटाउने तयारी भइरहेको जानकारी दिए ।

कार्यलयमा आउने सेवाग्राहीलाई मुस्कानसहित सेवा दिनुपर्ने उल्लेख गर्दै सापकोटाले नागरिकले पाउने निःशुल्क औषधि पर्याप्त मात्रामा वितरण गर्न निर्देशन दिए । युवाको मागअनुसार स्वास्थ्य सेवा उपलब्ध गराउनु कर्मचारीको दायित्व भएको बताउँदै उनले गुनासो आइपरे कर्मचारीलाई कारबाही गर्ने चेतावनी समेत दिए ।

अनुगमनका क्रममा कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतलाई आफ्ना समस्या सुनाएका थिए । नगरपालिका वडा नं. ११ मा रहेका स्वास्थ्य संस्था, त्यहाँका सम्पर्क कार्यलय, वडा नं. ८, १०, १३ र वडा नं. ९ का स्वास्थ्य संस्थाहरूको पनि अनुगमन गरिएको शितगंगा नगरपालिका स्वास्थ्य शाखाका सहायक लक्ष्मण पौडेलले जानकारी दिए ।

अनुगमनमा वडा नं. ११ का अध्यक्ष नवराज भुसाल, वडा नं. ९ का अध्यक्ष भीम केसी, स्वास्थ्य शाखा प्रमुख दामोदर पौडेल, पत्रकार अराज बेल्वासे, स्वास्थ्य शाखा सहायक लक्ष्मण पौडेल लगायतको टोली सहभागी थियो । विकट स्थानका सरकारी कार्यालयहरूको अवस्थाबारे जानकारी लिन टोली पुगेको हो ।

# पत्रकार टेकमान शाक्यमाथि धम्की अनलाइन टिभी पत्रकार संघको आपत्ति



**काठमाडौं/मस–** अनलाइन टिभी पत्रकार तथा नेप्लिज टाइम्स डटकमका प्रधान सम्पादक टेकमान शाक्यलाई नेकपा एमालेका नेता महेश बस्नेत र उनका समर्थकहरूले धम्की दिएको भन्दै अनलाइन टिभी पत्रकार संघ नेपालले आपत्ति जनाएको छ ।

संघका महासचिव पवन फुयालद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ,'शाक्यले सार्वजनिक गरेको धम्कीसम्बन्धी अडियोमा सुरक्षाको खतरासमेत अनुभव हुने खालका अभिव्यक्ति सुन्न सकिन्छ । त्यसभन्दा बाहेक पनि शाक्यलाई दर्जनौं व्यक्तिहरूले फरक-फरक नम्बरबाट फोन गर्दै ज्यान मार्नेसम्मको धम्की दिएका छन् ।'

संघले यसलाई पत्रकारको नैसर्गिक अधिकारमाथि ठाडो आक्रमणको रूपमा व्याख्या गर्दै कडा खेद व्यक्त गरेको छ। विज्ञप्तिमा भनिएको छ,'सञ्चारमाध्यममा प्रकाशित सामग्रीबारे असन्तुष्टि भएमा कारबाही गराउने कानुनी बाटो र निकायहरू प्रशस्तै छन् । तर धम्की र डर देखाउने कार्य कुनै हालतमा स्वीकार्य छैन ।'

अनलाइन टिभी पत्रकार संघले धम्की दिनेहरूलाई तत्काल कारबाही गर्न र पत्रकार शाक्यको सुरक्षाको व्यवस्था गर्न सरकारलाई जोडदार माग गरेको छ । साथै, समाचार सम्प्रेषणकै कारण पत्रकारहरू असुरक्षित बन्नुपर्ने अवस्था तत्काल अन्त्य गर्नुपर्ने पनि संघको आग्रह छ ।

# मधेश प्रदेश सरकारका सेवा दसैंपछि पूर्ण रूपमा सञ्चालन हुने



**जनकपुरधाम/मस–** मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले जेन जेडको प्रदर्शनका क्रममा तोडफोड तथा आगजनीको कारण क्षतिग्रस्त भएका कार्यालयले वडादसैंपछि पूर्ण रूपमा सेवा प्रवाह गर्ने बताएका छन् ।

उनले आज पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै जेन जेड प्रदर्शनका क्रममा मधेस प्रदेश सरकारको सरकारी निकायमा भौतिक संरचनाको व्यापक क्षति भएकाले यसको मर्मत तथा सुधारमा थप अझै केही दिन समय लाग्ने र त्यसपछि सेवाहरू पूर्ण रूपमा सञ्चालनमा आउने बताए । सुरक्षामा क्रमिक रूपले सुधार हुँदै गएकाले प्रदेशका विभिन्न मन्त्रालय तथा कार्यालयहरूमा कर्मचारीहरू आउन सुरु गरिसकेको उनको भनाइ छ । यद्यपि काम गर्न भौतिक संरचनाको समस्या र अभाव रहेको उल्लेख गर्दै उनले त्यसको वातावरण बनाउनका लागि केही दिन समय लाग्ने बताए । प्रदेशसभा भवनसहित मन्त्रालयहरूको क्षति भएको संरचनाहरूको मूल्यांकनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ । मधेश प्रदेश सरकारअन्तर्गतका मुख्यमन्त्री कार्यालयसहित मधेश प्रदेशसभा भवन तथा सचिवालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा तथा सिँचाइ मन्त्रालय, श्रम तथा यातायात मन्त्रालयलगायत अन्य मन्त्रालय तथा सरकारी कार्यालयको भौतिक संरचनामा आक्रमण गरी तोडफोड गर्नाका साथै आगजनी गरिएको थियो । साथै सवारीसाधनहरू पनि क्षतिग्रस्त बनाइएको छ । सुरक्षा अभावमा त्यहाँको समानहरू पनि लुटपाट भएको छ ।

# गैरआवासीय नेपाली संघ मलेसियाको पहिलो मासिक भेला सम्पन्न



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ४ असोज

गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाले आफ्नो कार्यकालको पहिलो मासिक भेला सम्पन्न गरेको छ ।

गत अगस्ट ३१ मा सम्पन्न नवौं महाधिबेशनबाट अध्यक्षमा इन्द्र नारायण लिम्बूलगाएतका पदाधिकारी निर्वाचित भएपछिको यो पहिलो मासिक भेला हो। संघका अध्यक्ष लिम्बूको संयोजकत्वमा सम्पन्न भेलामा संघको आगामी कार्ययोजना खाका तयार पार्न र संघलाई थप सुदृढीकरण गर्ने, कार्यालय व्यवस्थापन गर्ने लगाएतका महत्वपूर्ण विषयहरूमा छलफल भएको थियो ।

भेलामा एनआरएनए मलेसियाका पदाधिकारी, सल्लाहकार, विभिन्न क्षेत्रबाट प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो । बैठकमा आपसी सहयोग र मेलमिलापको भावना जागृत गराउँदै नेपाली श्रमिकहरूको हकहितका बारेमा सुसुचित गराउने योजना तर्जुमा, नेपाली राजदूतावाससँगको सम्पर्क र समन्वय, राज्य समिति संघको संरचना विस्तार, अफिस र सेल्टर हाउस विस्तार र व्यवस्थापनसम्बन्धी छलफल गरिएको गैरआवासीय नेपाली संघका महासचिव प्रमोद शर्माले जानकारी दिए ।

गैरआवासीय नेपाली संघका अध्यक्ष लिम्बूले मासिक भेलालाई सम्बोधन गर्दै मासिक भेला नियमित रुपमा सञ्चालन गरी सबै पदाधिकारीहरूलाई सहकार्य गरेर सकेसम्म धेरै भन्दा धेरै श्रमजीवी वर्गसम्म संघलाई पुर्याउन आफू प्रतिबद्ध रहेको जनाउदै सबैको साथ र सहयोग रहनुपर्ने बताए ।

मासिक भेलाले नेपाली साथिहरूको जमघट हुने सौहार्दता बाढ्न र बढाउन एक आपसमा भाइचारा कायम गर्न समस्याहरू साझेदारीता र सहयोग भाव आदानप्रदान गर्न सबैका कुरा सुन्न र नयाँ कुरा सिक्ने माध्यमका रुपमा स्थापित गर्नुपर्ने भन्दै सरिक हुन पाउँदा खुसी व्यक्त गरेका थिए ।

उपाध्यक्ष दिल केरुङ लिम्बूले पारदर्शिता, जवाफदेहिता र संघमा सक्रियता बढाउनुपर्ने कुरामा जोड दिएका थिए । मासिक भेला अनौपचारिक रुपमा महासचिव प्रमोद शर्माले सञ्चालन गरेका थिए ।

# बिर्तामोड मुक्तिचोक क्षेत्रमा सरसफाइ



**झापा/मस–** 'आफ्नो गाउँठाउँ आफैँ सरसफाइ गरौं' भन्ने मूल नाराका साथ राइजिङ टुगेदर फर चेन्ज (आरटिएफसी)परिवारले बिर्तामोड मुक्तिचोक क्षेत्रमा सरसफाइ गरेका छन् । स्थानीय स्तरमा जनचेतना फैलाउने उद्देश्यले आयोजित यो अभियानमा आरटिएफसीका सदस्यहरू, स्थानीय बासिन्दा र युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

अभियानअन्तर्गत मुक्तिचोक वरपरको फोहरमैला व्यवस्थापन, सडक छेउका प्लास्टिकजन्य पदार्थ हटाउने कार्य तथा सरसफाइसम्बन्धी जनचेतनामूलक सन्देशहरू प्रचार गरिएको थियो ।

सरसफाइ कार्यक्रम सफाइमात्र नभइ सामाजिक जिम्मेवारीप्रतिको प्रतिबद्धता पनि हो । स्थानीय बासिन्दाहरूले यस्तो सरसफाइ कार्यलाई स्वागत गर्दै भविष्यमा निरन्तरता दिन आग्रह गरेका छन्। आरटिएफसी परिवारले यस्ता अभियानलाई अन्य क्षेत्रसम्म विस्तार गर्ने लक्ष्य लिएको जनाएको छ ।

# पब्लिक स्पिच नेपालमा रावत प्रथम




**काठमाडौं/मस–** काठमाडौंमा सम्पन्न पब्लिक स्पिच नेपालमा जाजरकोटका दिपक रावत प्रथम भएका छन्।

फाइनल राउण्डमा विजयी बनेका रावतलाई ५० हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा काठमाडौंकी मेलिसा कार्की दोस्रो र जाजरकोटकै दिपक परियार तेस्रो बने । उनीहरूले क्रमशः ३० हजार र २० हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र पाएका छन् ।

यसैगरी, दोलखाकी उमा कार्कीले इसेवामार्फत सर्वाधिक भोट पाउँदै पब्लिक च्वाइस अवार्ड जितिन् । उनलाई २० हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरियो । डोटीकी तोरिशा भण्डारीले सान्त्वना पुरस्कार (५ हजार रुपैयाँ) र पर्साकी प्रार्थना अधिकारीले प्रोत्साहन पुरस्कार (५ हजार रुपैयाँ) प्राप्त गरेकी छन् ।

विजेताहरुलाई राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा, द आर्ट अफ लिभिङका वरिष्ठ प्रशिक्षक कञ्चन घिमिरे, सामाजिक अगुवा चक्र बहादुर चन्द, उत्प्रेरक डा. तारा बहादुर गिरी, वरिष्ठ सञ्चारकर्मी बबिता बस्नेतलगायतले पुरस्कार प्रदान गरेका थिए ।

युवाको वक्तृत्वकला विकास गर्ने, सार्वजनिक भाषण क्षमतामा उन्नति ल्याउने र प्रतिभालाई प्रोत्साहित गर्ने उद्देश्यसहित बास नेपालले प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगिता तीन चरणमा सम्पन्न भएको थियो । भदौ १५ गतेसम्म समसामयिक विषयमा भिडियो पठाउन आह्वान गरिएकोमा देशभरका १ सय ३७ जनाले सहभागिता जनाएका थिए । अडिसन राउण्डबाट ६७ जना सेमिफाइनलमा पुगे भने सेमिफाइनलबाट २२ जना फाइनलमा पुगेका थिए । अन्तिममा १४ जना प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए ।

फाइनलमा सहभागीहरूले सुशासन र समृद्धिका लागि भ्रष्टाचार नियन्त्रण, अपांगता तथा समावेशिता प्रवर्द्धन, प्राकृतिक सम्पदाको संरक्षण र बौद्धिक पलायन रोकथाम जस्ता विषयमा मन्तव्य राखेका थिए ।

कार्यक्रम बास नेपालका पूर्व केन्द्रीय अध्यक्ष मन भण्डारीको अध्यक्षतामा भएको थियो । स्वागत तथा उद्देश्यबारे कार्यकारी निर्देशक नमस्कार शाहले जानकारी गराएका थिए भने सञ्चालन काठमाडौं शाखा अध्यक्ष शकुन्तला शाहले गरेकी थिइन् ।

# सुनचाँदीका गरगहनासहित तीन जना पक्राउ

**काठमाडौं/मस–** प्रहरीले सुनचाँदीका गरगहनासहित काठमाडौंको रातोपुलबाट तीन जनालाई पक्राउ गरेको छ । गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनका क्रममा रातोपुलको एक घरबाट सुनचाँदीको गहना र धनमाल चोरीको घटनाको अनुसन्धानका क्रममा सोही क्षेत्रमा शंकास्पद गतिविधि गरिरहेको अवस्थामा उनीहरू पक्राउ परेका जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

खोटाङका २७ वर्षीय सुजन राई, सिन्धुपाल्चोकका १९ वर्षीय नयुन श्रेष्ठ र मकवानपुरका १८ वर्षीय अगम प्रजालाई सुनचाँदीका गरगहना, नगद १३ हजार र लत्ताकपडासहित पक्राउ गरिएको परिसरका प्रवक्ता अपिलराज बोहराले जानकारी दिए । उनीहरूलाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धन जारी रहेको उनले बताए ।

# डाक्नेश्वरी नगरपालिकाको बजेट ८७ करोड ४७ लाख




**घुरन यादव/मध्यान्ह**
सप्तरी, ४ असोज

सप्तरीको डाक्नेश्वरी नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ८७ करोड ४७ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । नगरसभाबाट पारित उक्त बजेटमा विभिन्न क्षेत्रमा लगानी गर्ने योजना प्रस्तुत गरिएको छ ।

बजेट सार्वजनिक कार्यक्रममा प्रमुख अतिथि रामलखन मल्लाह, विशिष्ट अतिथि उपप्रमुख मिरा यादव, प्रशासकीय अधिकृत विजयकुमार मण्डल, वडा नम्बर १ देखि १० सम्मका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको उपस्थिति थियो ।

नगर प्रमुखले बजेटमार्फत कृषि आधुनिकीकरण, नदीमा बाँध निर्माण, सर्पदंश उपचार केन्द्र स्थापना, पशुपालन व्यवस्थापन, भूमिहीनलाई भूमि व्यवस्था, युवालाई रोजगारी, खानेपानीका लागि कमर्शियल बोरिङ, प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना गर्ने योजना सार्वजनिक गरेका छन् ।

नगरपालिकाले बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेर सेवा प्रवाहलाई सहज बनाउने प्रतिबद्धता जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com

५ असोज २०८२ आइतबार
21 September 2025 Sunday

# ‘हरिबहादुरको जुत्ता’को ट्रेलरमा हाँसो र व्यंग्य

**काठमाडौं/मस–** यस वर्षको दसैंमा प्रदर्शनमा आउने फिल्म ‘हरिबहादुरको जुत्ता’को ट्रेलर सार्वजनिक भएको छ । असोज १३ गते (फूलपाती)बाट रिलिज हुने फिल्मको ट्रेलरले दर्शकमाझ उत्सुकता थपेको छ ।

तीन मिनेटभन्दा लामो ट्रेलरको सुरुमा हरिबहादुर (हरिवंश आचार्य) जेलबाट बाहिर निस्किएको दृश्य देखाइन्छ । तर कथा अगाडि बढ्दै जाँदा फेरि उनले जेलमै फर्कनुपरेको संकेत गरिएको छ । यसबीचमा उनले समाजमा आफ्नो ठाउँ बनाउन गरेको संघर्ष, राजनीतिक चलखेल, सामाजिक अविश्वास र पुनः गलत बाटोतर्फ धकेलिने अवस्थालाई हास्यशैलीमै प्रस्तुत गरिएको छ ।



हरिवंश आचार्य यसपटक पनि दर्शकको प्रिय पात्र हरिबहादुरको रूपमा देखिएका छन् । उनीसँगै स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव पन्त, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सीता न्यौपाने र कमलमणि नेपाल लगायतका कलाकारहरूको अभिनय छ ।

ट्रेलरमा स्वस्तिमा खड्का एक नेताको रूपमा चुनावी मैदानमा देखिएकी छन् भने प्रकाश सपुतलाई साइबर सेनाको जिम्मा पाएको पात्रमा प्रस्तुत गरिएको छ । प्रियंका कार्की प्रहरीको भूमिकामा देखिएकी छन् । हरिवंशलाई भने तीन श्रीमतीसँगको सम्बन्धमा देखाइएको छ, जसले हास्य र नाटकीय दुवै पाटो थपेको छ ।

निर्देशक दीपेन्द्र के. खनालले ‘महसंचार’को चर्चित सिरिज हरिबहादुर-मदनबहादुर बाट लोकप्रिय बनेको पात्रलाई अहिलेको राजनीतिक तथा सामाजिक परिवेशसँग जोडेर पर्दामा उतारेका हुन् । उनले हाँसोभित्रै समाजले कैदी जीवन सकेर फर्किएका व्यक्तिलाई गर्ने तिरस्कार र अवसर नदिने प्रवृत्तिलाई देखाउने कोसिस गरेका छन् ।

फिल्म एसएम मोसन पिक्चर्सको ब्यानरमा बनेको हो । निर्माण सरोज ओली र मोहितवंश आचार्यले गरेका छन् । कृष्णबहादुर थापाको छायांकन, नहकुल खड्काको सम्पादन र वसन्त सापकोटा, दीपक शर्मा तथा प्रकाश सपुतको संगीत फिल्ममा सुन्न सकिन्छ । आशिष अविरल, समिक्षा अधिकारी, मोहितवंश आचार्य, समिर खरेल र सज्जा चौलागाईंले स्वर दिएका गीतमध्ये ‘बेला बितेसी’ अहिले नै चर्चामा छ ।

ट्रेलरले देखाएअनुसार फिल्म पूर्ण रूपमा हास्यप्रधान भए पनि यसको भित्री संरचनामा राजनीतिक व्यंग्य, सामाजिक सन्देश र भावनात्मक पक्ष पनि मिसिएको छ । निर्देशक खनालले दर्शकलाई इमोशन र कमेडी दुवै अनुभव गराउने विश्वास व्यक्त गरेका छन् ।

आगामी असोज १३ गतेदेखि नेपाल र विदेशका केही मुलुकमा एकसाथ रिलिज हुने ‘हरिबहादुरको जुत्ता’ दशैंमा पारिवारिक रूपमा हल जाने दर्शकका लागि एउटा प्रमुख विकल्प बन्ने अपेक्षा गरिएको छ ।

# मिसेस मंगोल नेपालको ताज टिनालाई

**काठमाडौं/मस–** राजधानीमा सम्पन्न ‘मिसेस मंगोल नेपाल-२०२५’ को ताज यसपटक टिना आले कवर मगरले जितेकी छन् । निर्णायकको अन्तिम प्रश्नमा दिएको स्पष्ट र प्रभावशाली उत्तरका आधारमा उनी विजेता घोषित भइन् । उनले प्राप्त गरेको चाँदीको ताजसँगै सन् २०२६ मा लण्डनमा हुने ‘एनएफइए अवार्ड’मा इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी छन् ।




प्रतियोगितामा संगीता राना मगर फर्स्ट रनरअप र शान्ति गुरुङ सेकेन्ड रनरअप बने । यस्तै, मौसमी गुरुङले ‘मोस्ट डाइनामिक’ र ‘बेस्ट मल्टिमिडिया’ दुवै उपाधि जित्दा, सजिना तामाङ ‘बेस्ट फोटोजेनिक’ बनेकी थिइन् । धनु लिम्बु ‘बेस्ट ट्यालेन्ट’ घोषित भए भने सिता गुरुङले ‘मोस्ट डिलाइटफुल’सँगै ‘मोस्ट पपुलर’ उपाधि हात पारिन् । अनिता राई ‘मोस्ट डिलिजेन्ट’, लक्षिता गुरुङ ‘मोस्ट स्मार्ट’ र सृजनादेवी श्रेष्ठ ‘मोस्ट डिसेन्ट’ चुन्निएका थिए । सोही समयमा भावना घले ‘मोस्ट एक्टिभ’, प्रियतम सुब्बा ‘मोस्ट ग्रेसफुल’, सरीता श्रेष्ठ ‘मोस्ट डेडीकेटेड’ र शान्ति गुरुङ ‘मोस्ट प्यासोनेट’ उपाधिका साथ सम्मानित भए ।

शनिबार काठमाडौंको ज्यापु प्रज्ञा भवनमा सम्पन्न यो प्रतिस्पर्धा मिसेस मंगोल श्रृंखलाको ११औं संस्करण हो । हिमालयन मुभिजले आयोजना गरेको प्रतियोगिता मंगोलियन समुदायका विवाहित महिलाहरुलाई लक्षित गरेर आयोजना गरिन्छ । आयोजकका अनुसार यसले सांस्कृतिक पहिचानलाई जोगाउँदै महिलाहरुको क्षमता, आत्मविश्वास र सौन्दर्यतालाई राष्ट्रियस्तरमा उजागर गर्ने उद्देश्य लिएको छ ।

प्रतियोगिताका सहभागीहरूले फेसन कोरियोग्राफर हिमानी सुब्बाको प्रशिक्षणमा व्यक्तित्व विकास, स्टेज प्रस्तुति र सांस्कृतिक मूल्यबारे तालिम लिएका थिए । सोही प्रशिक्षणमार्फत प्रतियोगीहरूले सुन्दर ओपनिङ शो, समूहगत नृत्य तथा आफ्ना जातीय नृत्य प्रस्तुत गरेका थिए । परम्परागत पोशाकमा सजिएका प्रतिस्पर्धीहरू मञ्चमा झनै आकर्षक देखिएका थिए ।

आधुनिक परिवेशसँग मेल खुवाउन प्रतियोगीहरूले आ-आफ्नो भाषामा परिचयात्मक चरण प्रस्तुत गरे । त्यस्तै फ्युजन थिममा ‘बेस्ट ड्रेस’ र ‘कल्चरल फ्लेभर’सँगै इभिनिङ गाउनमा आत्मविश्वासपूर्वक उभिँदै आफ्नो दक्षता प्रदर्शन गरेका थिए ।

कार्यक्रममा पप गायक धिरज राईको प्रस्तुति पनि रहेको थियो । धेरैजसो दर्शकहरू सांस्कृतिक पोशाकमा उपस्थित भएकाले वातावरण अझ रौनकपूर्ण बनेको थियो ।

निर्णायक मण्डलमा अभिनेता तथा चलचित्रकर्मी रमेश उप्रेती, कस्मेटोलोजिस्ट रेखा थापा मगर, मिसेस हिमालयन नेपाल २०१४ अनिता गुरुङ, मिसेस मंगोल नेपाल २०२२ सम्झना तामाङ र मिसेस ग्लोबल नेपाल २०२५ साथै बैंकर इन्दिरा घिमिरे रहेका थिए । आयोजकका अनुसार लोपोन्मुख हुँदै गएको मंगोलियन समुदायको कला, संस्कृति, भेषभूषा र भाषाको संरक्षण गर्ने, आधुनिक परिवेशसँग मेल गर्दै त्यसको प्रवर्द्धन गर्ने र महिलाको क्षमता तथा प्रतिभालाई राष्ट्रिय स्तरमा उजागर गर्ने उदेश्यले प्रतियोगिता आयोजना गरिएको हो ।

# क्षतिग्रस्त प्रहरी चौकी बनाउन दीपकराजको पाँच लाख सहयोग

**काठमाडौं/मस–** अभिनेता तथा फिल्म निर्माता दीपकराज गिरीले हालैको जेनजी आन्दोलनका क्रममा क्षति पुगेको थानकोट प्रहरी वृत्तको पुनर्निर्माणका लागि आर्थिक सहयोग गरेका छन् । आफ्नो जन्मथलोमै रहेको प्रहरी कार्यालयलाई सहयोग गर्न उनी शुक्रबार बिहानै थानकोट पुगेका थिए ।

गिरीले प्रहरी वृत्त थानकोटका प्रमुख डिएसपी एलिजा गिरीलाई ५ लाख रुपैयाँ हस्तान्तरण गर्दै प्रहरीको मनोबल उच्च राख्न र कार्यालय पुनर्निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरे । गत साता भएको जेनजी आन्दोलनकै क्रममा थानकोटस्थित प्रहरी चौकीमा आगजनी र तोडफोड भएको थियो । करिब पाँच महिनाअघि मात्रै सञ्चालनमा आएको नयाँ भवन भित्रैबाट कार्यालयले सेवा दिइरहेको अवस्थामा सो घटना भएको हो ।

आगजनीका कारण करोडौं मूल्य बराबरका प्रविधिजन्य उपकरण, सञ्चार सामग्री, प्रहरी पोशाक तथा विभिन्न संरचना जलेर नष्ट भएका छन् । प्रारम्भिक मूल्यांकनअनुसार करिब ७ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।



दीपकराज गिरीले सहयोग रकम बुझाउँदै भने, ‘यस्तो विपत्मा प्रहरी बलको आत्मविश्वास र उत्साह घट्न नदिई समुदायबाटै साथ र सहयोग दिनुपर्छ भन्ने सोच राखेर यो कदम चालेको हुँ । मैले जन्मेको ठाउँबाट यो अभियान सुरु गरेको छु । आवश्यक परे अन्यत्र पनि यस्तै सहयोग गर्ने तयारीमा छु ।’

फिल्म क्षेत्रका चर्चित कलाकार गिरी अहिले आफ्नो व्यावसायिक यात्रामा पनि व्यस्त छन् । उनी आगामी सातादेखि सुरु हुने ‘छक्कापन्जा टुर’का लागि अमेरिका जान लागेका छन् । अमेरिका भ्रमण सकेपछि नयाँ फिल्मको काममा फर्किने तयारी उनले गरेका छन् ।

थानकोट प्रहरी वृत्तलाई दिएको यो सहयोगलाई स्थानीय समुदायले पनि सकारात्मक रूपमा लिएका छन् । गिरीको कदमले केवल प्रहरी मात्र नभई सामाजिक उत्तरदायित्वप्रति कलाकारको चासो झल्काएको टिप्पणी गरिएको छ ।


## मलेसियामा रोजगार

कम्पनी: CHENG FOONG FARMING — शहर : Malaysia
पूर्व स्वीकृत मिति:२०८२/०६/०३ — चलानी नं.: ६०२४५०४६ — L.T. No.: 331307

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 7 | 0 | स. काममा दक्ष | 1700 | ५६,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १२ (28 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ALON OVERSEAS PVT. LTD.** — Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Contact : 01-4582413, 4597053
Email: alonoverseas2018@gmail.com | Website: www.alonoverseas.com



## साउदीमा रोजगार

कम्पनी: Horizon Multi Resource Company Ltd — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०६/०३ — चलानी नं.: ६०२४५०५२ — LT. No.: 331310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CAR DRIVER LIGHT | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६७५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1200 | ४५००० | | | | | | | |
| 3. | Construction Labouers | 9 | 0 | | 1000 | ३७५०० | | | | | | | |
| 4. | MASON GENERAL | 4 | 0 | | 1200 | ४५००० | | | | | | | |
| 5. | Scaffolder | 2 | 0 | | 1200 | ४५००० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १२ गते (28 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


AJEETS — श्रम इ. पत्र नं.: ३७४/०५९/०६०
**Ajeets Management and Development Company Pvt. Ltd.**
Tara Hall Chowk, Sinamangal -9, Kathmandu, Phone : 014579390, 4579391 |
9823463896 (Whatsapp), 9701779602, 9709184518, 9863197435, E-mail : ajeetsmanpowernepal@gmail.com


## Bhume Rural Municipality
## Office of the Rural Municipal Executive

**Khabang Bagar, Rukum (East)**
**Lumbini Province, Nepal**

### Invitation For Electronic Bids

**Date Of Publication: 2025/09/21AD**
**2082-06-05 B.S.**

1. The Bhume Rural Municipality invites only electronic bids from Eligible Bidders for the Following Goods under Following Procurement Method.
2. Eligible bidders may obtain further information and inspect the bidding Documents at the Bhume Rural Municipality, Office of the Rural Municipal Executive, Khaba ng Bagar, Rukum (East) or may visit PPMO website www.bolpatra.gov.np/egp

| S. N. | Contract ID. | Description of work | Procurement Method | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | EGP/BRMO/NCB/G-02/2082-83 | Supply and Delivery of a 4WD Double Pickup for Bhume Rural Municipality | National Compitative Bidding(NCB) | 83,000.00 | 120 days | 3,000.00 |
| 2. | EGP/BRMO/NCB/G-03/2082-83 | The Procurement of Supply and Delivery of Veterinary medicines | Sealed Quotation (SQ) | 15,100.00 | 90 days | 1,000.00 |

**Chief Administrative Officer**

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
## नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति
**नरदेवी, काठमाडौं**

### करार सेवामा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/०५**

नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको विकास समिति तर्फ तपसिलका पदहरूमा करार सेवामा कर्मचारी पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र मिति २०८२/०६/२६ गते आइतबार दिउँसो ४:०० बजे सम्म राजश्व जम्मा गरेको बैंक भौचर सहित यस कार्यालयवाट उपलव्ध हुने दरखास्त फारम भरी यस चिकित्सालयमा आवेदन गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. न. | विज्ञापन नं | माग गरिएको पद | तह/सेवा /समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १/०८२/०८३ | आयुर्वेद चिकित्सक | आठौं/स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| २. | २/०८२/०८३ | स्टाफ नर्स | पांचौ/स्वास्थ्य/जनरल नर्सिङ्ग | २ |
| ३. | ३/०८२/०८३ | कम्प्युटर अपरेटर | रा.प.अनंकित प्रथम/विविध | १ |
| ४. | ४/०८२/०८३ | वैद्य | चौथो/स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | २ |

***नोट :*** *विस्तृत विवरण, मापदण्ड र दरखास्त फारम आयुर्वेद चिकित्सालयको वेवसाईड www.nah.gov.np बाट डाउनलोड गर्नहुन अनुरोध छ ।*

**नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति**
**नरदेवी, काठमाडौं**

## शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**व्याङ्गडाडा, झापा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०५**

यस कार्यालयको मिति २०८२/०४/२८ को राष्ट्रिय दैनिकमा प्रकाशित तपशिल बमोजिमका बोलपत्र आब्हानको सुचना अनुसार यस कार्यालयमा दर्ता भएका बोलपत्रहरु मूल्यांकन गर्दा निम्न बोलपत्रदाताहरुको कुल कबोल अंक न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफाको दफा २७ (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निम्न**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| १. | 1/SM/NCB/Cons/2082/083 | Construction of Incomplete Dudhe Playground Phase VI | Pyramid Construction, Shivasatakshi 06, Jhapa | ४४,४२,१६२।३० |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

# नेपालले मलेसियामा सिरिज खेल्ने, सीताको पुनरागमन




**काठमाडौं/मस-** आगामी जनवरीमा नेपालमै हुने महिला टी-२० विश्वकप ग्लोबल छनोटको तयारीलाई लक्षित गर्दै नेपाली महिला राष्ट्रिय क्रिकेट टोली मलेसिया भ्रमणमा जाने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले शनिबार १४ सदस्यीय टोली घोषणा गरेको छ, जसमा अनुभवी अलराउन्डर सीता राना मगर सात महिनापछि पुनरागमन गर्न सफल भएकी छन्।

नेपाल र मलेसियाबीचको पाँच खेलको टी-२० अन्तर ार्ष्ट्रिय सिरिज अक्टोबर २ देखि ८ तारिखसम्म क्वालालम्पुरमा आयोजना हुनेछ। त्यसअघि नेपाली खेलाडीहरूले सेप्टेम्बर २४ देखि ३० सम्म हुने मलेसियन सुपर वुमन सिरिज मा फरक-फरक टोलीबाट सहभागी भएर अनुभव बटुल्ने छन्।

क्यानले घोषणा गरेको टोलीमा पछिल्लो आइसिसी महिला टी-२० एसिया छनोट खेलेका खेलाडीमध्ये पाँच जनालाई स्थान दिइएको छैन। तीमध्ये ईश्वरी विष्ट, सबनम राई, बिन्दु रावल, रोमा थापा र मनिषा उपाध्याय यसपटक टोलीमा छैनन्।

उनीहरूको स्थानमा सीता राना मगरसँगै सोमु विष्ट, रचना चौधरी, यशोदा विष्ट र सावित्री धामीलाई टोलीमा समावेश गरिएको छ। यशोदा पहिलोपटक सिनियर राष्ट्रिय टोलीमा प्रवेश गरेकी हुन् भने सावित्रीले यसअघि यु-१९ विश्वकपमा नेपालको प्रतिनिधित्व गरिसकेकी थिइन्।

२५ वर्षीया यशोदा घरेलु क्रिकेटमा बागमती प्रदेशबाट उत्कृष्ट प्रदर्शन गर्दै आएकी छन्। त्यस्तै १७ वर्षीया सावित्री धामी सुदूरपश्चिम प्रदेशकी उदयीमान बलर मानिन्छिन्।

घोषित टोलीमा कप्तान इन्दु बर्मासहित रुबिना क्षेत्री, पूजा महतो, राजमती ऐरी, सम्झना खड्का, कविता जोशी, रिया शर्मा, सोमु विष्ट, रचना चौधरी, रुबी पोद्दार, यशोदा विष्ट, सावित्री धामी, कविता कुँवर र सीता राना मगर रहेका छन्।

सीता राना मगर फेब्रुअरीमा थाइल्यान्ड र नेदरल्यान्ड्सविरुद्धको घरेलु सिरिज खेलेपछि चोटका कारण मैदान बाहिर थिइन्। उनले त्यसपछि युगान्डा भ्रमण र बैंककमा भएको एशिया क्षेत्रीय छनोट पनि गुमाएकी थिइन्।

३१ वर्षीया सीता नेपाली महिला क्रिकेटकी सर्वाधिक सफल बलर मानिन्छिन्। उनले अहिलेसम्म ५५ इनिङ्समा ५८ विकेट लिएकी छन्, जुन कीर्तिमान अहिले पनि कुनै नेपाली बलरले तोड्न सकेको छैन। उनीसँग ११ मेडन ओभर र ७७३ रन खर्चिएको आँकडा छ।

नेपालले घरेलु मैदानमा जनवरी २०२६ मा हुने महिला टी-२० विश्वकप ग्लोबल छनोटमा खेल्नेछ। उक्त छनोटमा १० टोलीबीच प्रतिस्पर्धा हुनेछ र उत्कृष्ट ४ टोली मात्रै २०२६ को टी-२० विश्वकपमा प्रवेश गर्नेछन्।

त्यसैले, मलेसियाविरुद्धको आगामी सिरिज नेपाली टोलीका लागि खेलमैदानमा तालिम जस्तै महत्त्वपूर्ण मानिएको छ। क्यानका अधिकारीहरूका अनुसार सुपर वुमन सिरिजमा खेलाडीलाई विविध टोलीबाट खेलाउने उद्देश्य उनीहरूको व्यक्तिगत प्रदर्शन निखार्नुका साथै टोली संयोजनलाई अझ सुदृढ बनाउनु हो।

# नुवाकोट जिल्ला तेक्वान्दो संघको नयाँ कार्यसमिति चयन



**नुवाकोट/मस-** नुवाकोट जिल्ला तेक्वान्दो संघको पाँचौं जिल्ला अधिवेशन शनिबार सम्पन्न भएको छ। अधिवेशनमा जिल्लाभरका डोजाङ प्रमुखहरूको आपसी सल्लाह र सहमतिमा शरण घले तामाङको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्विरोध निर्वाचित भएको छ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा रामचन्द्र तामाङ, कोषाध्यक्षमा सुमन श्रेष्ठ र सदस्यहरूमा सुजन मोक्तान, कविन्द्र कारन्जित, शर्मिला श्रेष्ठ, विशाल तामाङ र रन्जित तामाङ चयन भएका छन्।

अधिवेशनमा सहभागीहरूले नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई दिँदै उनीहरूको सफल कार्यकालको लागि शुभकामना व्यक्त गरेका थिए। नयाँ कार्यसमितिले जिल्लामा तेक्वान्दो खेलको विकास र प्रवर्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# आइकेओ क्युकोशिनकाई कराते डोजोको १४औं बेल्ट टेस्ट सम्पन्न

**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ४ असोज




ललितपुरको नखिपोटमा सञ्चालित आइकेओ क्युकोशिनकाई कराते डोजोको १४औं बेल्ट टेस्ट सम्पन्न भएको छ। आइक ओ क्योकुशिनकाई नेपालको प्रमुख डोजोमा नियमित प्रशिक्षणमा रहेका ३४ जना जुनियर खेलाडीहरूको बेल्ट टेस्ट शनिबार सफलतापूर्वक सम्पन्न भएको डोजोका प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठले जानकारी गराएका हुन्।

शुक्रबार र शनिबार भएको बेल्ट टेस्टमा प्रमुख प्रशिक्षक सेन्सेई समिर श्रेष्ठ, प्रशिक्षक सेन्सेई उत्तम स्थापित र सहायक प्रशिक्षक अमित घलान लामाले खेलाडीहरूको परीक्षा लिएका हुन्। 'बेल्ट टेस्टमा सहभागीहरूमध्ये २ जना ब्राउन बेल्ट, ३ सिनियर ग्रीन बेल्ट, २ जना ग्रीन बेल्ट, ६ जना एल्लो, १४ जना ब्लु र ७ जना अरेन्ज बेल्टको परीक्षामा सहभागी भएका छन्,' प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठले भने।

आइ के ओ क्योकुशिनकाई नेपालका ब्रान्च चिफ सेन्सेई दिपक लामाले बेल्ट टेस्टबाट खेलाडीहरूको क्षमता अनुसारको स्तर निर्धारण भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन योग्य खेलाडीहरूको उत्पादन हुने बताए। लामाले भने, 'बेल्ट टेस्टबाट खेलाडीहरूको क्षमताको पहिचान हुन्छ, प्रतिस्पर्धा गर्न सक्ने खुबी वृद्धि हुँदै जान्छ। उनीहरूले पाउने बेल्टको महत्त्व र बेल्ट अनुसारको क्षमताको जानकारी हुन्छ, विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्नसक्ने हिम्मतिला खेलाडीहरूको पहिचान हुनेछ।'

अत्यन्तै कडा मेहनत र अनुसाशनमा राखेर प्रशिक्षित हुन सफल भएका खेलाडीहरूको मात्रै बेल्ट परीक्षा लिएर स्तरोन्नति गरिएको प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठले बताउनु भयो। श्रेष्ठले भने, '६० दिन हाजिर भएको योग्य खेलाडीहरूलाई मात्रै बेल्ट टेस्टमा सहभागी गराएका छौं, लिखित परिक्षा, वेसिक (किहोन) मापदण्डहरूको परीक्षण, स्टेपिङ, काता, कुमिते परिक्षमा पूरा गरेकाहरू बेल्ट टेस्टमा सहभागी गराउँछौं। ६० दिन हाजिर भएर पनि राम्रोसँग खेल्न नसकेकाहरूलाई बेल्ट टेस्टमा सहभागी गराइएको छैन। कडा मेहनत र परिश्रम बिना स्तरोन्नतिमा समावेश गराएका छैनौं।' प्रत्येक तीनदेखि चार महिनाभित्र बेल्ट टेस्ट हुने डोजोका प्रमुख प्रशिक्षक श्रेष्ठले जानकारी गराए। दुई दिनसम्म चलेको बेल्ट टेस्टमा खेलाडीहरूले पूर्ण अनुशासनमा रहेर खेलका सबै नियमहरू पालना गरेर बेल्ट परीक्षा उत्तीर्ण गरेका हुन्।

स्वीडेनको होन्बुको इन्टर नेसनल कराते अर्गनाइजेशन क्योकुशिनकाईसँग आबद्ध इन्टरनेसनल कराते अर्गनाइजेशन क्योकुशिनकाई नेपालको माताहातमा रहेको केन्द्रीय डोजोको रुपमा सञ्चालित आइकेओ क्युकोशिनकाई कराते डोजोले हरेक बर्ष बार्षिक कार्यक्रमहरू तय गर्दै उत्कृष्ट खेलाडी तयार गर्दै आएको छ।

डोजोमा प्रशिक्षणमा रहने खेलाडीहरूको खेल प्रतिभा प्रदर्शन गर्ने वातावरण मिलाउँदै आएको डोजोका प्रशिक्षक सेन्सेई उत्तम स्थापितले जानकारी गराए। यस डोजोमा आबद्ध खेलाडीहरूलाई अरु संघसंस्थाले आयोजना गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्दै खेलाडीहरूको ज्ञान, सीप र दक्षता वृद्धि गर्न डोजो सक्रिय रहेको उनले बताए।

# जिल्लास्तरीय सी लेभल ब्याडमिन्टन प्रतियोगितामा मेघौली प्रथम




**सुवास लामिछाने/मध्यान्ह**
चितवन, ४ असोज

जिल्लास्तरीय सी लेभल ब्याडमिन्टन प्रतियोगिताको उपाधि मेघौली ब्याडमिन्टन टोलीले जितेको छ। शनिबार सम्पन्न उपाधि प्रतिस्पर्धामा गढीमाई ब्याडमिन्टन टोलीलाई सोझो सेटमा पराजित गर्दैं मेघौलीले प्रथम दसैं कप जिल्लास्तरीय सी लेभल ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुन सफल भएको हो।

विजेता मेघौली टोलीको तर्फबाट अर्जुन बराली र दीपेन्द्र सापकोटा रहेका थिए भने उपविजेता गढीमाई टोलीको तर्फबाट मनोज काजी थापा र लेख गुरुङ रहेका थिए। त्यस्तै माडी ब्याडमिन्टन टोलीका विश्वनाथ चौधरी र विवेक महतो एवं भरतपुर ब्याडमिन्टन टोलीका डम्बर अधिकारी र राम गुरुङको टोलीले तृतीय स्थान हासिल गरेको आयोजक आयोजक बसन्तपुर ब्याडमिन्टन संघ माडीका अध्यक्ष खेल संयोजक यमकुमारल्यागुनले जानकारी दिए।

विजेता, उपविजेता तथा सान्त्वना हुने टोलीले आकर्षक ट्रफीसहित क्रमशः नगद पन्ध्र हजार तथा सात हजार पाचँ सय रुपैयाँ र सान्तोना हुने दुई टोलीले दुई हजार पाचँ सयका दरले प्राप्त गरेका छन्।

प्रतियोगितामा चितवन जिल्लाभरका २६ टोलीको सहभागिता रहेको थियो। प्रतियोगिताको उद्घाटन माडी नगरपालिका नगरप्रमुख ताराकुमारी काजी महतो र समापन नगर-उपप्रमुख खेमप्रसाद महतोले गरेको खेल संयोजक यमकुमार ल्यागुनले बताए।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
डडेल्धुरा अस्पताल
डडेल्धुरा
विद्युतीय बोलपत्र आह्वानको सूचना
(पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/०६/०५)
चालु आ.व. २०८२/८३ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Hospital Equipments खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरू www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त
पथरी बहुमुखी क्याम्पस
शिक्षा शास्त्र, व्यवस्थापन तथा मानविकी सङ्काय
पथरीशनिश्चरे-१, मोरङ
बोलपत्र स्विकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मितिः २०८२/०५/०५
प्रस्तुत विषयमा यस पथरी बहुमुखी क्याम्पसको कार्यालयबाट मिति २०८१/०४/२८ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा देहाय बमोजिमको बोलपत्र प्रस्ताव सारभूत रुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
तपसिल

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको वोलपत्रदाताको नाम/ठेगाना | कवोल अङ्क रु. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | PMC/NCB/WORKS/2082/083-01 | Construction of Pathari Multiple Campus Teaching Building | M/S. U.T.BUILDERS-AANJELINA JOINT VENTURE, Damak, Jhapa | Rs. 70,97,995.49।– |

पथरी बहुमुखी क्यापस

कतारमा रोजगार
कम्पनीः ASTERIA CONTRACTING AND TRADING
शहरः Qatar
पूर्व स्वीकृत मितिः २०८२/०६/०३ चलानी नं.: ६०२४५०५१ L.T. No.: 331259

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASON | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1500 | ५७,८८५ | | | | | | | |
| 3. | Scaffolder | 3 | 0 | | 1500 | ५७,८८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ असोज १२ गते (28 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

GLOBAL RECRUIT EXPERTS
STREAMLINING YOUR SUCCESS
Tara Hall, Sinmangal-09, Kathmandu, Bagmati Province, Nepal
Contact - 977-01-5922562, 9841545886, Email : info@globalrecruitexperts.com

साउदीमा रोजगार
कम्पनीः L&T Valves Arabia Manufacturing LLC
शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०६/०३ चलानी नं.: ६०२४५०५३ L.T. No.: 331370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 20 | 0 | स. काममा दक्ष | 1650 | ६१,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १२ गते (28 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184
Govt. Lic. No. 1035/072/073

राष्ट्रिय खाद्य बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय का.म.न.पा. ३२ जडिबुटी, काठमाडौं
पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना
तेस्रो पटक प्रकाशित मिति : २०८२/०६/०५ गते
आदरणीय शेयरधनी महानुभावहरू,
यस राष्ट्रिय खाद्य बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०५/२५ गतेको बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन को दफा ६७ (२) अनुसनर सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।
सभा हुने मिति, स्थान र समय :
मिति : २०८२/०६/२५ (तदनुसार अक्टोम्बर ११, २०२५ शनिबार)
स्थान : हेरिटेज प्यालेस, राधेराधे, भक्तपुर (भाटभटेनी अपोजिट
समय : बिहान ११ बजे
छलफलका विषयहरु :
क) साधरण प्रस्तावहरु :
१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. आ.व.०८१/०८२ सालको वासलात, नाफा नोक्सान सहितको लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
३. आ.व. ०८२/०८३ सालको हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको निर्वाचन।
५. विविध।
ख) विशेष प्रस्तावहरु :
१. सर्वसाधारणको लागि कम्पनीको साधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालन समितिलाई अख्तियारी दिने सम्बन्धमा।
२. कम्पनीको पूँजी संरचना हेरफेर तथा सोही बमोजिम प्रबन्ध पत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।
३. नियामक निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन, थपघट वा परिमार्जन गर्नको लागि राय सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक सम्पूर्ण कार्य गर्न/गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
ग) विविध
कम्पनी सचिव, प्रा. डा जिवनाथ धिताल

गोलन्जोर गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बोलपत्र स्वीकृत गर्ने आसयको सूचना
(सूचना प्रकाशित मिति २०८२/०६/०५)
प्रस्तुत विषयमा यस कार्यलयबाट आ व २०८२/०८३ बार्षिक बजेटअनुसार मिति २०८२/०४/२१ गतेको हिमालय टाइम्स नेपाल राष्ट्रिय दैनिक र PPMO e-GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम मु.अ. कर सहित |
|---|---|---|---|---|
| १. | GRM/SIN/GOODS/NCB/03/082/083 | Supply and Delivery of Medicines | Dalima Medisales, Kathmandu-11, Babarmahal, Kathmandu | १३,६४,६१८।०० |

प्रमुख प्रशासकीय अधिकृत



# ‘नेपाल आउने पर्यटकले सस्तोमा बिमा लिन सक्नेछन्’

नेपाल आउने पर्यटकको नेपालमा बिमा नहुने तर, विदेशमा बिमा गर्दा चर्को मूल्य तिर्नु पर्ने अवस्थामा पर्यटक आगमनमा नै समस्या आउने गरेको छ । “ट्राभल इन्स्योरेन्स” नहुँदा पदयात्रा, आरोहण तथा साहसिक यात्रा गर्दा पर्यटकले आफ्नै देशमा मोटो रकमको बिमा गर्नुपर्ने बाध्यता छ ।

बिमाको रकम आर्जन गर्नलाई पर्यटकलाई जबर्जस्ती बिरामी बनाएर फर्जी उद्धार र उपचारको नाममा समेत बिमा असुल्ने धन्दा नै चल्दा नेपालमा आउने पर्यटकको कम्पनी बिमा गर्न नमान्ने जस्तो अवस्थाले नेपालको पर्यटन क्षेत्र बदनाम समेत गराएको पर्यटन व्यवसायी बताउँछन् । तर, यस्ता समस्यालाई न्युनिकरण गर्न नेपाल पर्यटन बोर्डका पूर्व सिइओ एवं पर्यटन व्यवसायी डा. धनञ्जय रेग्मीले नेपाल आउने पर्यटकको सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले पर्यटक हिमालयन गार्जियन नेपाल (एचजीएन) अन्तरगत बिमा योजना सञ्चालन गरेका छन् ।

प्रस्तुत छ, नेपाल भ्रमणका लागि आउने विदेशी नागरिकलाई सस्तो तथा प्रभावकारी बिमा योजनाका साथ स्थापना भएको हिमालयन गार्जियन नेपाल तथा नेपालको पर्यटन क्षेत्रको विषयका जानकार डा. धनञ्जय रेग्मीसँग मध्यान्हका छबि सापकोटाले गरेको कुराकानी ।

**डा. धनञ्जय रेग्मी**, अध्यक्ष, हिमालयन गार्जियन नेपाल

**हिमालयन गार्जियन नेपाल (एचजीएन) ले पर्यटकको बिमामा के काम गर्छ ?**

हिमालयन गार्जियन नेपाल (एचजीएन) ले नेपाल भ्रमणका लागि आउने विदेशी नागरिकलाई

लक्षित गरेर बिमा योजना ल्याएको हो । हामीले यस बिमा योजनामा विश्वकै सस्तो तथा प्रभावकारी बिमा दिने गरी काम गरेका छौं ।

यो नेपाल आउने पर्यटक जो घुम्न, साहसिक पदयात्रा, हिमाल आरोहणमा आउने सबैको लागि बिमा योजना हो । परम्परागत बिमा प्रणालीले पर्यटकहरूलाई आफ्नै मुलुकमै महँगो बिमा लिन बाध्य भएको अवस्थामा हामीले हिमालयन गार्जियन नेपालबाटै बिमा सुविधा प्रदान गरेका छौं ।

**पर्यटकको बिमा कसरी हुन्छ ?**

नेपाल आउने पर्यटकले नेपालका दर्ता भएका ट्रेकिङ तथा टुर एजेन्सीबाट बिमा योजना लिन सक्छन् । पर्यटन बिमा, पदयात्रा बिमा, हिमाल आरोहण बिमागरी तीन प्रकारको बिमा गर्न सकिन्छ । सबै बिमा योजनाहरू नेपालका दर्ता भएका ट्रेकिङ तथा टुर एजेन्सीबाट हुन्छ ।

सरकारले ट्रेकिङ र आरोहणका लागि गाइड र एजेन्सी अनिवार्य गरेको हुँदा विदेशी पर्यटकले आफ्ना ट्रेकिङ वा टुर प्रदायकमार्फत सजिलै बिमा गर्न सक्छन् । उनीहरूले ती मार्फत सजिलै प्राविधिक सहयोग पनि प्राप्त गर्न सक्छन् । जसले हिमालय तथा दुर्गम क्षेत्रमा पनि निरन्तर सञ्चार गर्न मद्दत गर्छ । उपकरण साधारण देखिए पनि जीवनरक्षक बन्ने छ । यसमा रहेको एसओएस बटन आपतकालीन अवस्थामा यात्रुको उद्धार गर्न सक्नेछ । बटन थिच्नेबित्तिकै बिमितको अवस्थाबारे कम्पनीसम्म जानकारी पुग्ने व्यवस्था छ ।

**पर्यटकको उद्धार कसरी हुन्छ ?**

प्रविधिबाट पर्यटक बिरामी भएको जानकारी प्राप्त हुन साथ हामीले उद्धार टोली तथा स्वास्थ्यकर्मी उपलब्ध गराउने र आवश्यकताको आधारमा तत्काल हेलिकप्टर, शेर्पा वा चिकित्सकसम्मको व्यवस्था कम्पनीले गर्छ । अस्वस्थ पर्यटकको समयमै उद्धार हुन्छ भने

नक्कली उद्धार तथा अस्पतालहरूको अनावश्यक बढी बिलिङ गरेर फर्जी कामको अन्त्य हुन्छ । यसले नेपालको पर्यटन क्षेत्रलाई अझै विस्तार गर्न मद्दत पुग्नेछ ।

यसले नेपालमा फेक रेस्क्यूको अन्त्य समेत हुनेछ । फेक रेस्क्यूको नाममा हस्पिटल, हेलिकप्टरको कमाउने धन्दाले नेपालकै छबि बिग्रिएको अवस्थामा हिमालयन गार्जियन नेपालले सो कार्यलाई रोक्नेछ । इन्स्योरेन्स पोलिसी नेपालको नपाइने अन्तर्राष्ट्रिय बजारमा साह्रै महँगो पर्ने हुँदा इच्छा शक्ति हुदाँहुँदै पनि नेपाल आउने पर्यटकको संख्यामा कमि भइरहको थियो ।

**बिमा योजनाले नेपालको पर्यटन उधमलाई कसरी सहयोग गर्छ ?**

अब नेपाल आउने विदेशी पर्यटकले सस्तोमा बिमा योजना लिन सक्नेछन् । नेपालकै बिमा भएपछि अन्तर्राष्ट्रिय बजारमा नेपालको छबि पनि राम्रो भएर जानेछ । नेपालबाटै बिमा पोलिसी भएकोले अब नेपाल सुरक्षित छ भन्ने सन्देश विश्वभर जान्छ । नेपाल घुम्न आउने विदेशी पर्यटकलाई कुनै डर हुनेछैन ।

**अन्त्यमा, जेनजी आन्दोलनपछि पर्यटकहरुले नेपालको बुकिङ रद्द गरिहरेका छन्, अब पर्यटक नेपाल आउने वातावरण कसरी बनाउने ?**

आन्दोलनको विषयमा जसरी विश्वभरमै समाचार बन्यो त्यसले नेपाल आउने पर्यटक आत्तिएकै देखिन्छ । प्रि बुकिङ क्यान्सिल हुँदा दुई दिनको आन्दोलनले पर्यटन उद्योगलाई धेरै नै घाटा लगाइदिएको छ । तर, यस्तो बेला हामीले विश्वभरका पर्यटकलाई सकारात्मक म्यासेज दिन आवश्यक छ ।

ग्लोबल मार्केटमा जेनजीको आन्दोलन दुई दिनमै सकियो । अब नेपाल पुरानै लयमा आयो भन्ने सन्देश जान आवश्यक छ । आन्दोलनको क्रममा कुनै पनि विदेशी पर्यटक, पर्यटक गाडीदेखि कुनै पनि विदेशीलाई समस्या नपरेको भन्ने सन्देश सरकार र पर्यटन बोर्डमार्फत दिन आवश्यक छ । नेपाल इज ब्याक, नेपाल इज सेफ भन्ने म्यासेज दिन आवश्यक छ ।

त्यसका लागि पर्यटन बोर्डमा लिस्ट भएका ८ हजार भन्दा ट्राभल एजेन्सीमार्फत सन्देश पठाउने काम गर्न सकिन्छ । जेनजी आन्दोलनले नेपालको नाम अझै विवश्वभर फैलिएको छ अब हामीले यसलाई ट्र्याकमा गएको सामाजिक सञ्जाल, मिडिया तथा ट्राभल एजेन्सीमार्फत गर्ने हो भने पर्यटन क्षेत्रले छिटो लय समाउँछ ।

पर्यटन क्षेत्रमा उतारचढाव आउँछ तर, नेपालमा द्वन्द्व कालमा समेत पर्यटक आगमन भइरहको हुँदा अहिलेको आन्दोलनबाट हामी छिट्टै अगाडि आउँछौं ।

## क्षतिको २० अर्ब ७० करोड बराबरको बिमा दाबी

**काठमाडौं/मस–** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा उत्पन्न विषम परिस्थितिका कारण भौतिक संरचनामा पुगेको क्षतिको हालसम्म २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ रुपैयाँ बराबरको बिमा दाबी भएको छ ।

जेनजी पुस्ताको आन्दोलनका क्रममा सरकारी तथा निजी भौतिक संरचनामा क्षति पुगेको छ । नेपाल बिमा प्राधिकरणका अनुसार विभिन्न १८ वटा निर्जीवन बिमा कम्पनीमा बिमा दाबी भएको छ । प्राधिकरणका अनुसार दि ओरियन्टल इन्स्योरेन्स कम्पनीमा कुल ४० वटा बिमा दाबी परेको छ । त्यसको कुल दाबी पाँच अर्ब १४ करोड ७९ लाख ६५ हजार रुपैयाँ बराबर छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीमा २५८ को चार अर्ब ९३ करोड २२ लाख ७९ हजार ५ सय रुपैयाँ, शिखर इन्स्योरन्स कम्पनीमा ३६६ वटा बिमा दाबी परेको छ । कुल दाबी भने दुई अर्ब ३९ करोड चार लाख ७७ हजार ७६४ रुपैयाँ रहेको छ । आइजिआइ प्रुडेन्सियल इस्न्योरेन्समा २४




वटा बिमा दावी परेको छ । सो कम्पनीमा एक अर्ब ५९ करोड छ लाख ८० हजार ८ सय रुपैयाँ बराबरको बिमा दाबी परेको प्राधिकरणले जनाएको छ ।

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीमा २३३ वटा बिमा दाबी छ । एक अर्ब ४७ करोड ५५ लाख ३१ हजार ६६६ रुपैयाँ बराबरको माग भइआएको छ । हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा १९६ वटाको आवेदन पर्दा एक अर्ब १५ करोड ६२ लाख ८२ हजार ९७९ बराबरको बिमा दाबी परेको छ ।

नेको इन्स्योरेन्समा ४० वटाको एक अर्ब नौ करोड ५३ लाख ६५ हजार २०७ रुपैयाँ बराबरको माग भएको छ । सानिमा जिआईसीमा १२९ वटाको ७८ करोड ९३ लाख ७९ हजार रुपैयाँ बराबरको दाबी छ ।

राष्ट्रिय बीमा कम्पनीमा १७२ वटाको ४९ करोड ५१ लाख बराबरको बिमा माग भएको छ । युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडमा १७० वटाको ४८ करोड ७४ लाख ७५ हजार ३६० रुपैयाँ, नेपाल इन्स्योरेन्स कम्पनीमा ७९ वटाको ४६ करोड ९४ लाख ९८ हजार रुपैयाँ बराबरको बिमा दाबी परेको छ ।

एनएलजी इन्स्योरेन्स कम्पनीमा १५१ वटाको ३८ करोड ५८ लाख २२ हजार रुपैयाँ, प्रभु इन्स्योरेन्समा ६९ वटाको १९ करोड १८ लाख बराबरको बिमा दाबी भएको छ । नेशनल इन्स्योरेन्स कम्पनीमा १९ वटाको छ करोड ८२ लाख ९० हजार ७५६ रुपैयाँ बराबरको दाबी परेको छ । प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीमा नौ वटाको एक करोड १३ लाख २२ हजार ८ सय रुपैयाँ, स्टार माइक्रो इन्स्योरेन्स कम्पनीमा छ वटाको ६७ लाख सात हजार ६५० रुपैयाँ, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीमा १५ वटाको ५६ लाख ३६ हजार रुपैयाँ, ट्रष्ट माइक्रो इन्स्योरेन्समा आठ वटाको ४२ लाख बराबरको बिमा दाबी भएको छ । प्राधिकरणका अनुसार हालसम्म एक हजार ९८४ वटा बिमा दाबी भएको छ ।

## धरान उपमहानगरले ल्यायो दुई अर्ब २० करोडको बजेट

**धरान/मस–** धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । आज १७औं नगरसभामा धरानका उपप्रमुख अइन्द्रविक्रम बेघाले आव २०८२/८३ का लागि रु दुई अर्ब २० करोड ७४ लाख ५९ हजारको बजेट प्रस्तुत गरेका थिए ।

बजेटको स्रोतमा आन्तरिक राजस्वबाट ८० करोड ५३ लाख ६५ हजार रुपैयाँ, संघीय सरकारबाट अनुदान ८९ करोड २९ लाख रुपैयाँ, प्रदेश सरकारबाट अनुदान सात करोड ७३ लाख ४४ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ३४ करोड १८ लाख ५० हजार रुपैयाँ, सडक बोर्डबाट दुई करोड रुपैयाँ र गत वर्षको मौज्दातबाट सात करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।




सहरी योजना तथा भौतिक पूर्वाधार विकासततर्फ ६६ करोड ९४ लाख रुपैयाँ, शिक्षा, युवा तथा खेलकुदतर्फ ४६ करोड ८५ लाख रुपैयाँ, स्वास्थ्यतर्फ छ करोड ९९ लाख ९५ हजार रुपैयाँ, सामाजिक विकासतर्फ चार करोड ८६ लाख ४५ हजार रुपैयाँ विनियोजन गरिएको छ । साथै आर्थिक विकासतर्फ एक करोड २९ लाख रुपैयाँ, वन वातवरण ऊर्जा तथा विपद् व्यवस्थापनतर्फ दुई करोड ७४ लाख ५० हजार रुपैयाँ, कानुन तथा न्याय सम्पादनतर्फ २० लाख रुपैयाँ, सार्वजानिक जग्गा संरक्षणतर्फ १५ लाख रुपैयाँ, राजस्व परिचालनतर्फ ४३ लाख रुपैयाँ र नगर भिजन कार्यक्रमतर्फ पाँच करोड पाँच लाख रुपैयाँ विनियोजन गरिएको छ । चालु आवका लागि धरानका २० वटा वडाका लागि २१ करोड रुपैयाँ विनियोजन गरेको छ ।

त्यसैगरी नगर कार्यपालिकातर्फ नि:सर्त विनियोजन र एक अर्ब ३१ करोड ९२ लाख ८२ हजार रुपैयाँ, ससर्त अनुदानबाट ६० करोड ५६ लाख ७७ हजार रुपैयाँ, समपूरक बजेटबाट एक करोड ८२ लाख रुपैयाँ र विशेष अनुदानबाट पाँच करोड ४३ लाख रुपैयाँ विनियोजन गरिएको छ । नगरपालिकाले बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास, विपद् व्यवस्थापनलगायतका क्षेत्रमा बजेट प्राथमिकता दिइएको उपप्रमुख बेघाले बताए ।

## लगानीको वातावरण बिग्रिन नदिऔं : अध्यक्ष ढकाल

**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नेपालमा लगानीको वातावरण बिग्रन नदिने तर्फ गम्भीर हुन आग्रह गरेका छन् । भाद्र २३ र २४ गते भएको आन्दोलनका क्रममा आागजनी तथा तोडफोड भएका बहुराष्ट्रिय कम्पनी एनसेल तथा चौधरी ग्रुपको सिजी पार्क र चन्द्रागिरि हिल्सको निरीक्षण गर्दै उनले यस्ता घटनाले लगानीको वातावरण बिग्रने अवस्था आएको भन्दै सरोकारवाला सबैलाई गम्भीर हुन आग्रह गरे । उनले जेएनजी आन्दोलनका क्रममा भएको घुसपैठबाट देशैभरि निजी क्षेत्रका ठूला, मझौला तथा साना उद्योगहरू तथा व्यक्तिको निजी सम्पत्तिमाथि भएको आगजनी र तोडफोड भएको र यसले दैनिक उत्पादन र रोजगारीमा असर परेको बताए ।

नेपालमा विदेशी तथा स्वदेशी लगानी आकर्षित गर्नका लागि यस्ता घटनाहरूले दीर्घकालीन असर पार्ने अध्यक्ष ढकालले बताए । ‘नेपालमा लगानीको वातावरण बिग्रिने अवस्था आएको छ । यस्ता घटनाहरूले देशको



आर्थिक विकासमा गम्भीर असर पार्छ । सरकार, राजनीतिक दलहरू र सरोकारवालाहरूलाई लगानीमैत्री वातावरण कायम गर्न आग्रह छ,’ अध्यक्ष ढकालले भने ।

अध्यक्ष ढकालले नेपालका वैदेशिक लगानी भित्र्याउन तथा आन्तरिक लगानी प्रवर्धन गर्न महासंघले निरन्तर पहल गरेपनि यस्ता घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा नकारात्मक सन्देश जाने धारणा राखे । नेपालको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा निजी क्षेत्रले ८६ प्रतिशत भन्दा बढी योगदान दिएको अवस्थामा लगानीको संरक्षणका लागि उद्योगी व्यवसायीहरूको शान्ति र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने उनको भनाइ थियो ।

उनले यो घटनाले सरकारको समेत राजस्व समेत गुम्ने अवस्था आएको बताए ।

महासंघका अध्यक्ष ढकाल सहित उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ कोषाध्यक्ष भरतराज आचार्य र केन्द्रीय सदस्यहरू सैलेन्द्र गुरागाई, डा.राशरण थपलिया, पशुपतिदेव पाण्डे र कमला श्रेष्ठ लगायतले क्षतिग्रस्त संरचनाहरूको निरीक्षण गर्दै आगजनीबाट भएको क्षतिबारे जानकारी लिएका थिए । महासंघले यस अघि अर्थमन्त्री तथा गृहमन्त्रीसँग भेट गरेर निजी क्षेत्रले अझै पनि शान्ति सुरक्षाको अनुभूति गर्न नसकिरहेकोले सो को प्रत्याभूति दिन, आन्दोलनका क्रममा निजी क्षेत्रको सम्पत्ति माथि भएको आक्रमण, तोडफोड र आगजनीमा संलग्नहरूमाथि कानुनी दायरामा ल्याउन आग्रह गरेको छ ।

## भक्तपुरमा दसैं व्यापार मेला

**भक्तपुर/मस–** भक्तपुर नगरपालिका-७ को महेश्वरी खेल मैदानमा शनिबारदेखि दोस्रो भक्तपुर दसैं सस्तो व्यापार मेला सुरु भएको छ । हिन्दूहरूको महान् पर्व दसैंको अवसरमा एकै थलोबाट सस्तो, सुलभ र गुणस्तरीय सामान आमउपभोक्तामा पुऱ्याउने उद्देश्यले औद्योगिक मेला महोत्सव प्रतिष्ठान नेपालले मेलाको आयोजना गरेको हो ।

मेलाका संयोजक संगम लामाले व्यापार मेलामा ५० भन्दा बढी स्टलहरू राखिएका जानकारी दिँदै दैनिक जीवनमा प्रयोगमा आउने सामग्री, लत्ताकपडा, खाद्यान्न, अटोमोबाइल, जुत्ता तथा हस्तकलाका सामग्री, कृषि औजारका सामग्री, फूललगायत विभिन्न सामान विशेष छुटका साथ स्टलमा राखिएका बताए ।

मनोरञ्जनका लागि महोत्सवमा बाल उद्यान, रोटे पिङ, ड्रागन, नाउ, मिनी बन्जी जम्प, बाटर बल्ब, मिकी माउस, टेम्पालिङ, स्करपियोका साथै हरेक दिन राष्ट्रिय तथा स्थानीय कलाकारका हास्यव्यंग्य, गीत र नृत्यको प्रस्तुति रहने उनले जानकारी दिए । उनका अनुसार व्यापार मेला यही असोज १९ गतेसम्म सञ्चालन हुनेछ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**